ककनी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रानीपौवा, नुवाकोट, वाग्मती प्रदेश

राजस्व सुधार कार्ययोजना

(Revenue Improvement Action Plan)

अन्तिम प्रतिबेदन

पेस गरिएको कार्यालय:

प्रदेश शुसासन केन्द्र

बागमती प्रदेश

जावलाखेल, ललितपुर

पेस गर्ने:

नीरा कन्सल्टेन्सी ग्रुप्स प्रा.ली. पुल्चोक, ललितपुर

आषाढ, २०७८

दस्तावेज/प्रतिवेदन

दस्तावेज :	*ककनी गाउँपालिकाको राजस्व सुधार कार्ययोजना*
सहयोग :	*प्रदेश सुशासन केन्द्र - बागमती प्रदेश, जावलाखेल, ललितपुर*
परामर्शदाता :	*नीरा कन्सल्टीङ ग्रुप्स प्रालि, पुल्चोक, ललितपुर*
मिति :	*आषाढ २०७८*

कृतज्ञता ज्ञापन

ककनी गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यलाई सफल बनाउन सहयोग पुऱ्याउनु हुने गाउँपालिकाका अध्यक्ष श्री मान बहादुर लामा, उपाध्यक्ष श्री सीता खतिवडा लामा, प्रमुख प्रशासकीय अधिकृत श्री महेन्द्र नेपाल, लेखा अधिकृत संगिता पौडेल तथा कार्यपालिका सदस्यहरू, गाउँपालिकाका अन्य कर्मचारीहरू लगायत सबैमा परामर्शदाताको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं । त्यसैगरी, यस कार्यमा रचनात्मक सुझाव तथा सहयोग प्रदान गर्नुहुने सरोकारवालाहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

नीरा कन्सल्टीङ परिवार

विषय-सूची

विययसूची 3

परिच्छेद – एक : परिचय 5

१.१ पृष्ठभूमि 5

१.२ राजस्व सुधार कार्ययोजनाको औचित्य 5

१.३ कार्यक्रमको विषय क्षेत्र 6

१.४ कार्यक्रम संचालन विधि तथा प्रक्रिया 6

१.४.१ सन्दर्भ सामाग्री संकलन तथा अध्ययन 6

१.४.२ तथ्यांक-सूचना संकलन फाराम तथा सूची विकास 6

१.४.३ तथ्यांक सूचना संकलन 6

१.४.४ राजस्व परिचालन तथा योजना तर्जुमा सम्बन्धी प्रारम्भीक छलफल कार्यक्रम 7

१.४.५ दस्तावेज अध्ययन तथा तथ्यांक विश्लेषण र मस्यौदा कार्ययोजना तयारी 7

१.४.६ मस्यौदा दस्तावेज पेश 7

परिच्छेद – दुई : गाउँपालिकाको संक्षिप्त परिचय 8

२.१ प्रशासनिक विभाजन र मुख्य वस्तीहरु 8

२.२ भौगोलिक तथा प्राकृतिक अवस्था 8

२.३ जनसांख्यिक अवस्था 9

२.४ सांस्कृतिक अवस्था 10

२.५ आर्थिक अवस्था 10

२.६ गाउँपालिकाको मानवीय संशाधन 10

२.७ गाउँपालिकाको भौतिक सम्पत्ति 11

परिच्छेद – तीन : राजस्व अधिकार तथा आय सम्भाव्यता 13

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था 13

३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था 17

३.३ आन्तरिक स्रोत तर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण 18

३.३.१ कर राजस्व 18

३.३.२ गैरकर राजस्व 22

परिच्छेद – चार : राजश्व नीति, संयन्त्र तथा आय संकलनको अवस्था 27

४.१ राजस्व परिचालन सम्बन्धी नीति तथा संयन्त्र 27

४.२ विगतको आय परिचालनको अवस्था 28

४.३ आय संकलनको संस्थागत क्षमता 28

४.४ राजस्व परिचालनमा रहेका सवालहरू 30

परिच्छेद – पाँच : राजस्व सुधार कार्ययोजना 32

५.१ गाउँपालिकाको राजश्व सुधार कार्ययोजना 32

परिच्छेद – छ : आगामी तीन वर्षको आय प्रक्षेपण 37

६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण 37

६.२ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण 39

परिच्छेद – सात : निष्कर्ष तथा सुझाव 42

७.१ निष्कर्ष तथा सुझाव 42

अनुसूचीहरू 44

अनुसूची १ : सन्दर्भ सामग्रीहरू 45

अनुसूची २ : तथ्यांक र सूचना संकलनका लागि प्रयोग गरिएको सूची तथा फारम 46

अनुसूची ३ : राजस्व परिचालन तथा योजना तर्जुमा सम्बन्धी छलफलको उपस्थिति विवरण 50

परिच्छेद – एक : परिचय

१.१ पृष्ठभूमि

राजस्व सम्बन्धी वर्तमान स्थिति अध्ययन, विश्लेषण गरी राजस्व सुधारका लागि गर्नुपर्ने कार्यहरूको पहिचान गर्ने, समग्र राजस्व प्रशासनलाई सुदृढ गर्ने तथा सोका आधारमा आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण कार्यमा सहजीकरण गर्ने प्रयोजनका लागि बाग्मती प्रदेश अन्तर्गत नुवाकोट जिल्लाको ककनी गाउँपालिकाले यो राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan - RIAP) तर्जुमा गरेको छ। प्रदेश सुशासन केन्द्र तथा विज्ञ संस्थाहरुको आर्थिक तथा प्राविधिक सहयोगमा गाउँपालिकाले तयार गरेको यस राजस्व सुधार कार्ययोजनाले गाउँपालिकाको राजस्व सुधारका लागि गर्नुपर्ने कार्यहरूलाई उल्लेख गर्दै गाउँपालिकाको आगामी वर्षहरूको आय बजेट तयार गर्ने आधार उपलब्ध गराउने छ। यस प्रतिवेदनमा निम्न विषयवस्तुलाई समेटिएको छ :

१. राजस्व सुधार कार्ययोजनाको औचित्य, उद्देश्य तथा तयारी विधि
२. गाउँपालिकाको संक्षिप्त परिचय
३. स्थानीय तहको राजस्व अधिकार तथा आय संभाव्यता
४. आय संकलनको संस्थागत क्षमता तथा संकलनको अवस्था
५. राजस्व सुधार कार्ययोजना
६. आगामी ३ वर्षको आय प्रक्षेपण
७. निष्कर्ष तथा सुझाव

१.२ राजस्व सुधार कार्ययोजनाको औचित्य

स्थानीय तहहरुको आन्तरिक स्रोत तथा राजस्व कमजोर हुने र सधैंभरी संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदानमा भर पर्नुपर्ने अवस्था रहेमा स्थानीय सरकारको स्वायत्तता तथा दीगोपनमा प्रश्नचिन्ह उठ्ने सम्भावना रहन्छ। यस परिप्रेक्ष्यमा स्थानीय सरकारहरुले समयमै कानुनले अख्तियारी दिएका क्षेत्रमा आन्तरिक राजस्वको सम्भावना अध्ययन गरी कानुनसम्मत रुपमा राजस्वको क्षमता विस्तार गर्दै जानु आवश्यक छ।

नेपालको राज्य सञ्चालन संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनवटै तहका सरकारले गर्ने व्यवस्था नेपालको संविधानले गरेको छ। स्थानीय तहलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व बाँडफाँट बाहेक विभिन्न कर, दस्तुर, शुल्क, सेवा शुल्क तथा दण्ड जरिवाना जस्ता राजश्व असुली गर्ने अधिकार प्रदान गरिएको छ। साथै स्थानीय सरकारले अन्य स्वदेशी संघसंस्थाबाट कार्यक्रम सहायता रकम प्राप्त गर्न सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानुनी व्यवस्था समेत रहेको छ।

संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार संचालन ऐनले आन्तरिक आय परिचालन गर्नसक्ने उल्लेख्य अधिकार दिएको भएता पनि स्थानीय सरकारहरुले ती अधिकारलाई ऐनको प्रावधान अनुसार पूर्णरुपमा परिचालन गर्न नसकिरहेको स्थिति छ। यसको मुख्य कारणमा स्थानीय सरकारको संरचना, नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्यांकको स्थापना, आयको सम्भाव्यता, आन्तरिक नियन्त्रण प्रणालीको स्थापना आदिको अभ्यास कमी हुनु रहेको छ।

राजस्व प्रक्रियामा सुधारका लागि गाउँपालिकाको नेतृत्वमा सहभागितामूलक पद्दति अवलम्न गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ। कार्यक्रमले गाउँपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकार पक्षहरूलाई राजस्व परिचालनको क्षेत्रमा अभिमुखीकरण, आन्तरिक आय सुधारका लागि समस्या तथा अवसरहरूको पहिचान गरी कार्ययोजना तयारी तथा आयको प्रक्षेपणलाई मार्गदर्शन गर्ने दस्तावेज हुने हुँदा गाउँपालिकाले प्राथमिकता प्राप्त आयोजनाहरुको आकार आँकलन गर्न सहज हुनेछ।

१.३ कार्यक्रमको विषय क्षेत्र

राजश्व सुधार कार्ययोजना तर्जुमा गर्दा देहाय अनुसारका विषयक्षेत्रहरु समेटिएको हुन्छ :

- गाउँपालिकाको आय अधिकार तथा सुधार योजना सम्बन्धमा कार्यपालिकाका पदाधिकारीहरु, राजस्व परामर्श समितिका पदाधिकारीहरु, कार्यपालिका अन्तर्गतका शाखा प्रमुखहरू, राजस्व प्रशासनमा संलग्न कर्मचारीहरू तथा उद्योग वाणिज्य संघका प्रतिनिधि र अन्य सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने ।
- शीर्षकगत रुपमा करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्था विश्लेषण गर्ने ।
- आन्तरिक आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- राजस्व प्रशासनको संस्थागत व्यवस्था तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्ने ।
- गाउँपालिकाको आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गरी आय सुधार कार्ययोजना र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढीकरण कार्ययोजना तयार गर्ने ।
- आयका नयाँ सम्भावनाहरूको पहिचान गर्दै गाउँपालिकाले अपनाउनु पर्ने सुधार रणनीति सहितको राजस्व सुधार कार्ययोजना तयार गर्ने ।
- गाउँपालिकाको विद्यमान आर्थिक ऐन पुनरावलोकन गरी आगामी आर्थिक वर्षमा सुधारका लागि सुझाव प्रदान गर्ने ।

१.४ कार्यक्रम संचालन विधि तथा प्रक्रिया

उल्लेखित कार्यका लागि सम्बन्धित सन्दर्भ सामग्रीहरूको अध्ययन, तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारमहरूको विकास, तथ्याङ्क संकलन तथा विश्लेषण, सहभागितामूलक छलफल जस्ता विधिहरू प्रयोग गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ :

१.४.१ सन्दर्भ सामाग्री संकलन तथा अध्ययन

अध्ययन कार्यको प्रथम चरणमा परामर्शदाता समूहबाट विभिन्न स्रोतहरूबाट सन्दर्भ सामाग्रीहरू संकलन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य सामग्रीहरू **अनुसूची १** मा दिइएको छ ।

१.४.२ तथ्यांक-सूचना संकलन फाराम तथा सूची विकास

सन्दर्भ सामग्रीको अध्ययन तथा विश्लेषण पश्चात परामर्शदाताहरूबाट तथ्यांक र सूचना संकलनका लागि आवश्यक फारमहरूको विकास गरिएको थियो । गाउँपालिकाको राजस्व सुधार कार्यक्रमको सन्दर्भमा तथ्यांक संकलनको लागि प्रयोग गरिएको फाराम **अनुसूची २** मा प्रस्तुत गरिएको छ ।

१.४.३ तथ्यांक सूचना संकलन

अध्ययनका क्रममा परामर्शदाताद्वारा विभिन्न विधिहरुको प्रयोग बाट आवश्यक तथ्यांक तथा सूचनाहरू संकलन गरिएको थियो । अध्ययनका क्रममा निम्न क्षेत्रगत तथ्यांक एवं सूचनाहरू संकलन गरियो :

- गत वर्ष तथा चालु वर्षको हालसम्मको यथार्थ आय विवरण
- राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- चालु वर्षको आर्थिक ऐन तथा बजेट

- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्यांक तथा सूचना ।

१.४.४ राजस्व परिचालन तथा योजना तर्जुमा सम्बन्धी प्रारम्भीक छलफल कार्यक्रम

गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यक्रम अन्तर्गत गाउँपालिकामा कोभिड महामारीका कारण प्रत्यक्ष उपस्थित हुन नसकिएकोले भर्चुअल विधिबाट एक दिने छलफल कार्यशाला संचालन गरिएको थियो । २०७७ असार १२ गते संचालित उक्त कार्यक्रममा गाउँपालिकाका निर्वाचित पदाधिकारीहरु, प्रमुख प्रशासकीय अधिकृत, कर्मचारीहरू र परामर्शदाता संस्थाका प्रतिनिधिहरुको सहभागीता रहेको थियो । उक्त कार्यक्रमको पहिलो सत्रमा गाउँपालिकाको राजस्व परिचालनसम्बन्धी व्यवस्थाहरुका साथै राजस्व सम्भावना माथि छलफल गरिएको थियो । दोस्रो सत्रमा गाउँपालिकाको चालू आर्थिक वर्षको आर्थिक ऐनमा भएका कमीकमजोरीहरु बारे छलफल गरिएको थियो । उक्त कार्यक्रममा छलफल गरिएका विषयवस्तुहरु तथा उपस्थिति विवरण (स्क्रिन सट) **अनुसूची**मा प्रस्तुत गरिएको छ ।

१.४.५ दस्तावेज अध्ययन तथा तथ्यांक विश्लेषण र मस्यौदा कार्ययोजना तयारी

समूहगत छलफल, अध्ययनबाट प्राप्त तथ्यांक तथा सूचनाहरूलाई विभिन्न तथ्याङ्कीय विधिहरूको प्रयोग गरी विश्लेषण गरिएको छ । यसरी विभिन्न विधिहरूबाट विश्लेषण गरी प्राप्त नतिजा तथा जानकारीहरूलाई तालिकामा प्रस्तुत गरी राजस्व सुधार कार्य योजनाको प्रारम्भिक मस्यौदा तयार गरियो ।

१.४.६ मस्यौदा दस्तावेज पेश

मस्यौदा प्रतिवेदन कार्यक्रमका मुख्य सरोकार पक्षहरू गाउँपालिका लगायत सहयोगी निकाय समक्ष आवश्यक सुझाव तथा सल्लाहका लागि पेश गरिएको छ ।

परिच्छेद – दुई : गाउँपालिकाको संक्षिप्त परिचय

यस परिच्छेदमा गाउँपालिकाको आय परिचालनसँग प्रत्यक्ष अप्रत्यक्ष सम्बन्धित तथ्यांकीय विषयवस्तुहरूलाई समावेश गरिएको छ। यसले गाउँपालिकाको भौगोलिक, आर्थिक तथा सामाजिक अवस्था र गाउँपालिकाको संस्थागत क्षमतालाई चित्रण गरेको छ।

२.१ प्रशासनिक विभाजन र मुख्य वस्तीहरु

स्थानीय तह पुनःसंरचना सम्बन्धी नेपाल सरकार मन्त्रिपरिषद् को मिति २०७३ फाल्गुण २७ गते निर्णयअनुसार साविकका ककनी, ओखरपौवा, चाउथे, चतुराले गाउँ विकास समिति (गाविस) को पुरै क्षेत्र र मदानपुर र थानसिंह गाविसको आंसिक क्षेत्र समेटेर ककनी गाउँपालिका गठन गरिएको हो। यस गाउँपालिकामा ८ वटा वडाहरु रहेका छन्। यस गाउँपालिकामा समावेश भएका साविकका गाविसहरु र वडा विभाजन देहायअनुसारको रहेको छः

तालिका नं. १ : वडा विभाजन सम्बन्धी विवरण

वडा नं.	समावेश भएका गाविस	साविकको वडाहरु	वडा केन्द्र	क्षेत्रफल (वर्ग कि.मी.)
१	ओखरपौवा	१, ७ - ९		६.८९
२	ओखरपौवा	२ - ६		१२.९६
३	चाउथे	१ - ९		१७.९२
४	ककनी	१ - ४		११.५१
५	ककनी	५ - ९		१५.२
६	मदानपुर	७, ८		५.९५
७	चतुराले	१ - ९		११.३३
८	थानसिंङ	८, ९		६.१९
				८७.९५

स्रोत: वस्तुगत विवरण, ककनी गाउँपालिका, २०७५

२.२ भौगोलिक तथा प्राकृतिक अवस्था

ककनी गाउँपालिकाको कूल क्षेत्रफल ८७.९७ वर्ग कि.मी. मा फैलिएको छ। यस गाउँपालिकाको जनसंख्या २०६८ सालको जनगणना अनुसार २७,०७३ रहेको छ भने कुल घरधुरी ६५०० रहेको छ तर पछिल्लो अभिलेख अनुसार जनसंख्या ३४००० हाराहारी र घरधुरी ७२०० पुगेको छ। साविकको जनसंख्या अनुसार यसको जनघनत्व ३०७.७५ वर्ग किमी रहेको छ। यसको पूर्वमा नुवाकोट जिल्लाकै शिवपुरी गाउँपालिका तथा काठमाण्डौं जिल्लाको तारकेश्वर नगरपालिका, दक्षिणमा धादिङ जिल्लाको धुनिवेशी नगरपालिका, पश्चिममा नुवाकोट जिल्लाकै बेलकोटगढी नगरपालिका र उत्तरमा नुवाकोटकै लिखु गाउँपालिका जोडिएको छ।

यस गाउँपालिकालाई नेपालकै प्रमुख पर्यटकीयस्थल ककनीको नामाकरण गरिएको हो। यो गाउँपालिका नेपालको राजधानी काठमाण्डौं तथा प्रसिद्ध शिवपुरी राष्टिय निकुञ्जसँग जोडिएको छ। काठमाण्डौं उपत्यकाको फोहरमैला विसर्जन गर्ने ल्याण्डफिल साइट सिसडोल लगायत माउण्टेन रेन्बो ट्राउट फार्म, बालाजु त्रिशुली राजमार्गको आसपास स्थापित होटेल रेष्टुराँहरु र तरकारीको लागि प्रशिद्ध रानीपौवा लगायतका ग्रामीण कृषि क्षेत्रहरु इसै गाउँपालिकामा रहेका छन्। काठमाण्डौंको शहरी क्षेत्रबाट नजिकै रहेको वृहत कृषि भूमि भएकोले तरकारी तथा व्यवसायीक कृषि उपजहरुको विक्रीका लागि तत्काल बजार उपलब्ध रहेको छ।

यस गाउँपालिका भित्र पर्ने मुख्य बजार तथा बस्ती केन्द्रहरु ककनी, रानीपौवा, जुरेथुम, मदानपुर लगायत हुन्

यसरी नै भू–सूचना प्रणालीको आधारमा यस गाउँपालिकाको भू उपयोगको अवस्थितिलाई वर्गिकरण गरेर हेर्दा गाउँपालिकाको ७५ प्रतिशत खेतीयोग्य जमीन, १८ प्रतिशत भूभाग वनजङ्गलले ढाकेको छ । त्यसैगरी पानी तथा बालुवाले ओगटेको क्षेत्र ०.४ प्रतिशत, चट्टानी भूभाग ०.००७ प्रतिशत र अन्य ७ प्रतिशत रहेको देखिन्छ । ककनी गाउँपालिकाको भू-उपयोग सम्वन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ :

तालिका नं. २ : गाउँपालिकाको भूउपयोग सम्वन्धी विवरण

भू उपयोग	क्षेत्रफल (हेक्टर)	प्रतिशत
खेतीयोग्य जमीन	६५७५.९५	७४.७६
वन जंगल	१५६३.२७	१७.७७
पानीले ढाकेको तथा बालुवा क्षेत्र	३५.६६	०.४
चट्टानी क्षेत्र	०.६२	०.००७
झाडी तथा बुट्यान	६२०.४०	७.०५
जम्मा	**८७९६.४२**	**१००**

स्रोतः वस्तुगत विवरण, ककनी गाउँपालिका, २०७५

ककनी गाउँपालिका देशकै ठूलो पर्यटकीय सम्भावना बोकेको गाउँपालिकामा पर्दछ । यहाँ प्रमुख पर्यटकीयस्थलहरु गाउँपालिकामा रानीपौवा ककनी हाइट, चतुराले पौवा, बसन्ती दरबार, रानीपौवा, चिम्टेश्वर पदमार्ग, ककनी पिकनिक स्पट, सुटिङ स्थलका साथमा राष्ट्रिय निकुञ्ज केन्द्रित जैविक पर्यापर्यटन, शाहसिक पर्यटन, सास्कृतिक अवलोकन लगायतका अवसरहरु छन् ।

यहाँका प्रमुख नदीनालाहरुमा कोल्पुखोला, सिन्दुर खोला आदि प्रमुख हुन् ।

२.३ जनसांख्यिक अवस्था

ककनी गाउँपालिकाको जनसंख्या २६,२६३ छ र त्यसमा ४९.४५% महिला र ५०.५५% पुरुष छन् । पछिल्लो घरधुरी सर्भेक्षण अनुसार गाउँपालिका भरिमा ७४५४ परिवार बस्छन् भने परिवारको औषत आकार ३.५२ छ । वडा नं ६ र ७ मा क्रमश ८.१६ र ९.६६ प्रतिशत परिवार बसोवास गर्छन् भने बढी जनघनत्व भएका वडा नं. १ र ३ मा क्रमशः १५.७९ र १६.१० प्रतिशत परिवारको बसोबास छ । आर्थिकरुपले सक्रिय जनसंख्या (१५ देखि ५९ बर्ष उमेर समूह) ५७.८३ प्रतिशत छ । जम्मा महिला मध्ये ८.०५ प्रतिशत सँग भू-स्वामित्व रहेको छ र आफ्नै नाममा घर भएका महिलाहरुको प्रतिशत ३.९९ छ ।

जातजातिका हिसावले यस गाउँपालिकामा तामाङ्ग र नेवार समुदायको बाहुल्यता छ । यहाँ तामाङ्गको जनसंख्या १४६४२ वा कुल जनसंख्याको ५५.७५ प्रतिशत रहेको छ । समग्रमा जनजाती ७१.४७ प्रतिशत, ब्राह्मण क्षेत्री २१.०४ प्रतिशत, दलित ३.८५ प्रतिशत र अन्य ३.४७ प्रतिशत छन् । संस्कार, संस्कृति तथा रहनसहन नेपालको पहाडी क्षेत्रसँग मिल्दोजुल्दो छ ।

वडागत हिसाबले जनसांख्यिक वितरण

वडा	१	२	३	४	५	६	७	८	जम्मा
जनसंख्या	२९२२	४९७९	३५३५	३९१५	३४०५	३१७५	३२३८	१९०४	
घरधुरी (%)	१५.७९	१४.८६	१६.१	१४.३३	९.७९	८.१६	९.६६	११.३१	

स्रोतः वस्तुगत विवरण, ककनी गाउँपालिका २०७५

२.४ सांस्कृतिक अवस्था

हिन्दु धर्मावलम्बीहरूको बाहुल्यता रहेको यस गाउँपालिकामा अपनाइने प्रमुख संस्कार कुलपुजा, ब्रतबन्ध, विवाह, काजकृया, न्वारन, तिथी श्राद्ध, सोह्रश्राद्ध औंशि, पूर्णीमा, सक्रान्ति आदि रहेका छन् ।

यस गाउँपालिकामा रहेका विभिन्न ऐतिहासिक र धार्मिक स्थलहरु तथा सांस्कृतिक स्थलहरुको पनि विशेष महत्व रहेको देखिन्छ । यी स्थलहरुमा विशेषता महत्वपूर्ण दिनहरुमा विशेष समारोह, उत्सव, जात्रा र मेलाहरुको आयोजना गर्ने गरिएको पाइन्छ । दशै, तिहार, तिज, शिवरात्री, कृष्णाष्टमी, न्वागी, ल्होसार लगायतका चाडपर्वहरु यहाँ स्थानीय स्तरमा मनाउने गरिन्छ । आ-आफ्ना धर्म अनुसार चाडपर्वहरु फरक-फरक मनाइन्छ । यहाँ सवैभन्दा धेरै हिन्दु धर्म मान्ने मानिसहरुको वसोवास रहेको छ ।

यस गाउँपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन् । सबै जाति र सम्प्रदायका आ-आफ्नै धर्म, संस्कृति र चालचलनहरू छन् । जातिगत हिसावले यस गाउँपालिकामा सवैभन्दा धेरै तामाङहरुको बसोबास रहेको छ, समग्रमा जनजातिहरु कुल जनसंख्याको ७० प्रतिशत भन्दा ज्यादा रहेका छन् ।

२.५ आर्थिक अवस्था

यस गाउँपालिका क्षेत्रमा रहेका सम्भाव्यता र अवसर अन्तर्गत परम्परागत तथा ब्यवसायीक कृषि, पर्यटन तथा होटेल ब्यवसाय, साना तथा मझौला उद्योगहरू र सेवाजन्य ब्यवसाय आर्थिक विकासको सम्भाव्यताका क्षेत्रको रुपमा रहेका छन् ।

गाउँपालिकाको करिब ७० प्रतिशत भन्दा ज्यादा भूभाग खेतीयोग्य जमीनले ढाकेको छ । त्यसैगरी करिब ९० प्रतिशत भन्दा ज्यादाको आफ्नै स्वामित्वको जमिन र घर छ । यसको मत्लब ककनी गाउँपालिकामा कृषि उत्पादनको सम्भावना धेरै छ । त्यसैगरी बालाजु त्रिशुली पासाङल्हामु राजमार्गको आसपास पक्की घरहरुको निर्माणमा तिब्रता र ब्यवसायिक गतिविधिहरुमा विस्तारले गर्दा स्थानीय आर्थिक क्रियाकलाप र आन्तरिक राजश्वको सम्भाब्यता बढ्ने देखिन्छ ।

गाउँपालिकामा उपलब्ध कुल खेतीयोग्य जमीनको ४१.५ प्रतिशतमा सिंचाई सुविधा उपलब्ध भएको तथ्यांक पाइन्छ । यसको अर्थ खाद्यान्न र तरकारी खेतीमा पर्याप्त सम्भावना रहेको बुझ्न सकिन्छ ।

ककनी गाउँपालिकाभित्र कुल ६०० जति उद्योग पसल र ब्यवसायहरु रहेका छन् । त्यसमध्ये साना तथा मझौला उद्योगहरु ४६ वटा, निर्माणजन्य ब्यवसाय १०१ वटा, कृषि तथा वनजन्य ब्यवसाय ६३ वटा, उत्पादनमूलक उद्योग ४९ वटा, विद्युतीय ७ वटा, थोक तथा खुद्रा पसल २१० वटा, स्वास्थ्य सेवा सम्वन्धी ब्यवसाय ५८ वटा, होटेल ३८ वटा, वित्तिय तथा सहकारी ४८ वटा, शैक्षिक संस्था ३९ वटा र अन्य २१ वटा रहेको तथ्यांक पाइएको छ ।

समग्र अर्थतन्त्रको साधन मध्ये स्थानीय पुंजी एउटा महत्वपुर्ण साधन हो । यस पालिकामा स्थानीय पुंजी अन्तर्गत जम्मा निक्षेप संकलन रु १६.५८ करोड र ऋण परिचालन रु ११.७८ करोड भएको देखिन्छ । त्यस्तै रु १५.५२ करोड वरावरको कृषिको कुल ग्रार्हस्थ उत्पादन रहेको तथ्यांकले देखाउछ । यस पालिकाको कृषिको कुल ग्रार्हस्थ उत्पादन सम्भावनाको तुलनामा निकै कम देखिन्छ तसर्थ कुल ग्रार्हस्थ उत्पादन वृद्धिको लागि पालिकाले तुरुन्त प्रभावकारी कार्यक्रम ल्याउनु पर्ने देखिन्छ, जसको कारणले पालिकाको आन्तरिक आम्दानी प्रशस्त बढ्नेछ ।

२.६ गाउँपालिकाको मानवीय संशाधन

गाउँपालिकाको पहिलो निर्वाचन २०७४ वैशाख ३१ गते सम्पन्न भई हाल निर्वाचित जनप्रतिनिधिहरू मार्फत् गाउँपालिकाको शासन प्रशासन संचालन भइरहेको छ । यस गाउँपालिकामा रहेका ८ वटा वडामा निर्वाचित तथा मनोनित सदस्यहरु सहित जम्मा ४४ जना गाउँसभा सदस्यहरु रहेका छन् ।

त्यसैगरी गाउँ कार्यपालिकाको दैनिक कार्यसम्पादनका लागि विभिन्न विषयगत क्षमता सहित अधिकृत तथा सहायक कर्मचारी कार्यरत छन् । यस गाउँपालिकामा प्रमुख प्रशासकिय अधिकृत १, अधिकृतहरु ५, प्राविधिक अधिकृतहरु ५, स्वास्थ्य सेवाका प्राविधिक ५१ सहित कुल ११९ कर्मचारी कार्यरत रहेका छन् ।

तालिका नं. ५: गाउँपालिकामा कार्यरत कर्मचारीको संख्या

क्र.सं.	पद	संख्या
१	प्रमुख प्रशासकीय अधिकृत	१
२	शाखा अधिकृत (प्रशासन)	२
३	लेखा अधिकृत	२
४	शिक्षा अधिकृत	१
५	इन्जिनियर	
६	कृषि अधिकृत	१
७	सुचना प्रविधि अधिकृत	१
८	स्वास्थ्य अधिकृत	१
९	रोजगार संयोजक	१
१०	स्वास्थ्य सहायक	१
११	कृषि प्राविधिक	२
१२	असिष्टेन्ट इञ्जिनियर	१
१३	आन्तरिक लेखा परिक्षक	१
१४	खरिदार (प्रशासन)	३
१५	असिष्टेन्ट सब इञ्जिनियर	
१६	एम.आई.एस. अपरेटर	१
१७	सहायक कम्प्युटर अपरेटर	१
१८	हलुका सवारी चालक	२
१९	कार्यालय सहयोगी	४
२१	फिल्ड सहायक	
२२	वडा सचिव	८
	कुल	

२.७ गाउँपालिकाको भौतिक सम्पत्ति

गाउँपालिकाको सदरमुकाम पासाङ ल्हामु राजमार्गको आसपास रानैपौवा बजारमा रहेको छ । पूर्ववर्ती ककनी गाविसको भवनमा मर्मतसम्भार तथा थप निर्माण गरी कार्यालय सञ्चालित रहेको छ भने सोही आसपास गाउँपालिकाको प्रशासकीय भवन निर्माणाधीन रहेको छ । गाउँपालिकासँग साविक ५ वटा गाविसका भवन, कृषि तथा पशु सेवा केन्द्रका भवनहरु, स्वास्थ्य चौकी तथा सामुदायीक स्वास्थ्य केन्द्रका भवनहरु रहेका छन् तिनीहरुलाई वडा कार्यालय र सेवा शाखा कार्यालयहरुका रुपमा उपयोग गरिएको छ । गाउँपालिकाको स्वामित्वमा रहेका भाडायोग्य भवन यन्त्रउपकरण तथा सवारी साधनहरु निम्नानुसार रहेका छन् :

क्रं. सं.	स्वामित्वमा रहेको सम्पत्ति	संख्या
१	जेसीभि (ब्याक हो लोडर)	१
२	टिपर	१

क्र. सं.	स्वामित्वमा रहेको सम्पत्ति	संख्या
३	एलसिडी प्रोजेक्टर	
४	सपिङ कम्प्लेक्स तथा सटर	
५	सभा हल	

परिच्छेद – तीन : राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा उपलब्ध कानुनी व्यवस्था अनुसार गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शीर्षकगत रुपमा विस्तृत विश्लेषण गरिएको छ । यसबाट गाउँपालिकाको आन्तरिक आय परिचालनको विद्यमान अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको मुद्दाहरूलाई राजस्व सुधार कार्ययोजनाले संवोधन गर्ने विश्वास लिइएको छ ।

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधानले स्थानीय तहलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ :

- सम्पत्ति कर
- भूमीकर (मालपोत)
- घर बहाल कर
- सवारी साधन कर
- व्यवसाय कर
- मनोरञ्जन कर
- सेवा शुल्क दस्तुर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- पर्यटन शुल्क
- विज्ञापन कर
- दण्ड जरिवाना

संघीय कानुन **(स्थानीय सरकार संचालन ऐन, २०७४)** अनुसार स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरेको छ :

(क) गाउँपालिका वा गाउँपालिकाको एकल अधिकार:

अ) कर

- सम्पत्ति कर: आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउनु पर्ने । "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने । *(आर्थिक ऐन, २०७५ र केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ वाट संशोधित व्यवस्था)*
- भूमि कर (मालपोत): आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा लगाउने । तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने । *(आर्थिक विधयक २०७५ बाट संशोधित व्यवस्था)*
- घर जग्गा बहाल कर: कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा ।
- व्यवसाय कर: पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।
- सवारी कर: टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा ।
- जडिबुटी, कवाडी र जीवजन्तु कर: आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत ।

आ) शुल्क

- <u>बहाल बिटौरी शुल्क:</u> आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत ।
- <u>पार्किङ शुल्क:</u> आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

इ) सेवा शुल्क

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुदसम्बन्धी सेवा वा व्यवसायमा ।
- आफूले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा*(खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि)*
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क ।
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।

ई) दस्तुर

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर:
  - *एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग*
  - *ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग*
- नक्सा पास दस्तुर
- पञ्जीकरण व्यवस्थापन दस्तुर
- वडामार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर

उ) बिक्री गर्न सक्ने *(केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ बाट संशोधित व्यवस्था)*

- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिका तथा गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

ऊ) सामुदायिक वनबाट आय प्राप्त गर्ने

सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने ।

- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

नोट : केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित यो प्रावधानमा प्रभाव पर्ने गरी मिति २०७६।०६।०७ मा प्रमाणीकरण गरिएको वन ऐन, २०७६ मा देहायअनुसार व्यवस्था गरिएको छ :

वन ऐन, २०७६

प्रमाणीकरण मिति
२०७६।०६।२७

संवत् २०७६ सालको ऐन नं. १२

(२) उपदफा (१) बमोजिमको कार्ययोजना डिभिजनल वन अधिकृतले जाँचबुझ गरी उपयुक्त देखिएमा स्वीकृत गर्नेछ।

वनको विकासको लागि खर्च गर्नु पर्ने: (१) उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा पच्चीस प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खर्च गरी बाँकी रहेको रकम उपभोक्ता समूहको हितमा प्रयोग गरिनेछ।

(ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४)) :

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रशोधन र बजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

संघीय कानुन (**अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**) ले स्थानीय तहलाई निम्नानुसार राजश्व अधिकार प्रदान गरेको छ :

(क) एकल कर प्रशासन सम्बन्धी व्यवस्था (आर्थिक ऐन २०७५ बाट संशोधित व्यवस्था)

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने। तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाँउपालिका वा गाउँपालिकाले लगाउने र उठाउने

(ख) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाँउपालिका वा गाउँपालिकाले उठाउने।

(ग) मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने

(घ) विज्ञापन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाँउपालिका वा गाउँपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(ङ) प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- *प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिने*
- *आयोगले निर्धारण गरेको निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई वाँडफाँट गर्ने*
- *प्रदेशले मासिक रुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने*

(ख) राजस्व बाँडफाँट

- नेपाल सरकारले संकलन गरेको मूल्य अभिवृद्धि कर र अन्तःशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने
  - *आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँट हुने*
  - *स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने*
- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
  - *प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने*

(ग) अनुदान

- वित्तीय समानीकरण अनुदानः खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त हुने
- सशर्त अनुदानः कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- समपूरक अनुदानः पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- विशेष अनुदानः कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट

(घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिव कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम बाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक व्यवस्था)
- कर नलाग्ने : कूटनीतिक नियोग, वैदेशिक ऋण वा सहायताबाट सञ्चालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र ।
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने ।

३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

गाउँपालिकालाई प्राप्त कानुनी अधिकारको आधारमा सम्भाव्य आय शिर्षकहरूको परिचालन अवस्थाको विश्लेषण गरिएको छ । यसले गाउँपालिकामा सम्भावना भएका आय शिर्षकहरूको संभाव्यता, संकलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई देखाउँछ ।

तालिका नं. ६: गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

क.सं.	आयका शिर्षक	सम्भावना	दर निर्धारण	संकलन
क.	**करतर्फ**			
१	भूमि कर (मालपोत)	✓	✓	✓
२	सम्पत्ति कर	✓	✓	
३	सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा)	निकै न्यून	✓	
४	घर जग्गा बहाल कर	✓	✓	✓
५	व्यवसाय कर	✓	✓	✓
६	जडीबुटी, कवाडी र जीवजन्तु कर	✓	✓	
७	विज्ञापन कर	✓	✓	✓
ख.	**गैरकरतर्फ**			
१	स्लेट, ढुङ्गा, गिट्टी, वालुवा, माटोजन्य वस्तुको विक्री	✓	✓	✓
२	काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर बिक्री	✓	✓	✓
३	नक्सापास दस्तुर	✓	✓	✓
४	व्यक्तिगत घटना दर्ता शुल्क	✓	✓	✓
५	बहाल विटौरी शुल्क	✓	✓	
६	पार्किङ्ग शुल्क	✓	✓	
७	सरकारी सम्पत्तिको बहालबाट आय	✓	✓	✓
८	फोहरमैला व्यवस्थापन शुल्क	✓		
९	स्थानीय खानेपानी महसुल	✓		
१०	केवलकार, र्‍याफ्टीङ वञ्जीजम्प, जिप फ्लायर, प्याराग्लाइडिङ्ग आदि साहसी खेलकुद सम्वन्धी सेवाशुल्क	✓	✓	
११	निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क	✓	✓	✓
१२	पर्यटन सेवा शुल्क	✓		
१३	सम्पत्ति मूल्यांकन सेवा शुल्क	✓	✓	✓
१४	दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म)	✓	✓	✓
१५	ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग दस्तुर	✓	✓	
१६	वडामार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर	✓	✓	✓

क.सं.	आयका शिर्षक	सम्भावना	दर निर्धारण	संकलन
१७	दण्ड जरिवाना	✓	✓	

गाउँपालिकामा उल्लेखित मध्ये करका शीर्षकतर्फ मालपोत (भूमिकर) मात्र संकलन भएको देखिन्छ । घरजग्गा वहाल करतर्फ न्यून असुली देखिएको छ । जडीबुटी, कवाडी र जीवजन्तु कर तथा मनोरञ्जन कर सम्भावना न्यून रहेको छ । सवारी करको सम्भावना भएर दर निर्धारण गरिएको भएपनि संकलन भएको देखिँदैन । व्यवसाय कर लिइएको छ तर अभिलेख प्रष्ट देखिंदैन ।

त्यसैगरि गैरकर तर्फ वडाबाट गरिने सिफारिस दस्तुर, नक्सापास दस्तुर, सम्पत्ति मूल्यांकन सेवा शुल्क, पूर्वाधार उपयोग सेवा शुल्क सम्भावना भएको र दर समेत निर्धारण गरिएको छ तर सबैको अभिलेख व्यवस्थित गरिएको छैन । बहाल बिटौरीका लागि पासाङ ल्हामु राजमार्ग क्षेत्र र ककनी पर्यटकीय क्षेत्रमा सम्भावना देखिन्छ तर हाल यसतर्फ प्रयास भएको छैन । सरकारी सम्पत्ति (पसल कवल, जेसीबी, टिप्पर) को बहाल लगाउन सकिने भएपनि हालसम्म सो शिर्षकबाट आय संकलन भएको छैन ।

समग्रमा जम्मा २३ वटा शीर्षकहरू मध्ये हाल १३ वटा शीर्षकहरुबाट मात्र संकलन भइरहेको छ तथापि राजस्व प्रशासन सुधार गरी २१ वटा शीर्षकहरूको दर तोकिएको र आय संकलन गर्ने सम्भावना देखिन्छ ।

३.३ आन्तरिक स्रोत तर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

३.३.१ कर राजस्व

क. सम्पत्ति कर

हालको अवस्थाः

गाउँपालिकाको आर्थिक ऐन, २०७७ को अनुसूची १ मा सम्पत्ति करको दररेट उल्लेख गरिएको छ र सो अनुसूचीमा सम्पत्तिलाई घरको रुपमा मात्र व्याख्या गरिएको छ । यसले निजी घरलाई ग्रामीण परम्परागत, पिल्लर बिनाको आरसिसी, पिल्लर सहितको आरसिसी र पिल्लरवाला घरको एकतल्ले २ तल्ले र ३ तल्ला भन्दा माथि भनि ७ वटा क्याटेगोरीमा करको दर निर्धारण गरिएको छ । तर गाउँपालिकाद्धारा उपलब्ध गराइएको आन्तरिक आय विवरणमा आ.व. २०७६/७७ मा सम्पत्ति करबाट आय भएको देखिंदैन ।

संभाव्यताः ककनी गाउँपालिकामा कानुन वमोजिम सम्पत्ति कर असुल गर्न पूर्ण सम्भव देखिन्छ । कानुनले दर तोकेको २ आर्थिक वर्ष भइसक्दा पनि उठाउने प्रक्रियामा नजानु संस्थागत कमजोरी देखिन्छ । यहाँको वस्तुगत विवरण अनुसार कुल ७२०० जति घरधुरी रहेका छन् । त्यसमध्ये सम्पत्ति करका लागि योग्य घरधुरी ८० प्रतिशत जति हुन सक्ने अनुमान छ । विद्यमान कानूनी व्यवस्थाले घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने व्यवस्था रहेको हुँदा गाउँपालिकामा उपलब्ध घरको संरचना अनुसार दर तोक्नु उपयूक्त देखिन्छ । जसले गर्दा घरको मूल्यांकन नगरी सोझै घरको प्रकार हेरेर मात्र न्यूनतम कर असुल गर्न सकिन्छ । यसप्रकार पाँच किसिमका घरहरुलाई गाउँपालिकाको आर्थिक ऐनमा उल्लेखित दरमा केही हेरफेर गर्दा हुन आउने सम्पत्ति करको गणना निम्नानुसार रहेको छ :

तालिका नं. ७ : सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर

करदाता सम्बन्धी विवरण	करदाता संख्या	करको औसत दर	सम्भाव्य कुल आय (रु.)
पिल्लरवाला आरसिसी घर तिनतल्ले वा माथि	३००	१८००	५४००००
पिल्लरवाला आरसिसी घर दुइतल्ले सम्म	५००	१२००	६०००००

करदाता सम्बन्धी विवरण	करदाता संख्या	करको औसत दर	सम्भाव्य कुल आय (रु.)
पिल्लरवाला आरसिसी घर एकतल्ले (३ कोठा)	१०००	१०००	१२००००००
आरसिसी ढलानवाला घर (पिल्लर नभएको)	१५००	६००	९००००००
जस्ता वा टायलको छाना भएका घर	३०००	४००	१२००००००
खर वा फुसको छाना भएको घर	२००	२००	४००००००
जम्मा	६५००		४८४०००००

सुधारका पक्षहरू: सम्पत्ति कर कार्यान्वयनका लागि गाउँपालिकाले गर्नुपर्ने विषयहरु निम्नानुसार रहेको देखिन्छ :

- आर्थिक ऐनमा उल्लेखित करको दर सामान्य परिमार्जन गर्ने ।
- सम्पत्ति कर बारे पदाधिकारी र कर्मचारीहरुका लागि अभिमुखीकरण तथा तालिम संचालन गर्ने ।
- सम्पत्ति करको सम्बन्धमा नागरिकहरुलाई विभिन्न माध्यमबाट सूचित गर्ने ।
- आवश्यक उपकरण तथा पूर्वाधार तयार गरी गाउँपालिका कार्यालय र सबै वडामा कम्प्युटरमा आधारित बिलिङ प्रणाली लागू गर्ने ।

ख मालपोत वा भूमि कर

हालको अवस्था:
गाउँपालिकाको आर्थिक ऐन, २०७७ को अनुसूची २ मा दिइए वमोजिम मालपोत वा भूमिकरको दर निर्धारण गरिएको छ । यसमा जग्गाको कृषिजन्य उपयोगिताका आधारमा २ क्याटेगोरीमा वर्गिकरण गरी सोही वमोजिम दर तोकिएको छ । परम्परागत विधि अनुसार अब्बल, दोयम, सीम र चाहार गरी चार समूहमा वर्गीकरण गर्ने गरिएकोमा यस गाउँपालिकाको जमीनलाई समग्रमा स्वामित्वको आकारका आधारमा २० रोपनी सम्मको लागि प्रति रोपनी रु.१५, र त्यो भन्दा ज्यादा क्षेत्रफल स्वामित्वका लागि प्रति रोपनी रु. २५ निर्धारण गरिएको छ । यस शीर्षकमा आ.व. २०७६।७७ मा ३० लाख ११ हजार असुल भएको देखिन्छ । जुन अन्यत्र गाउँपालिकाहरुको तुलनामा धेरै रहेको मानिन्छ ।

सम्भाव्यता :
गाउँपालिका प्रोफाइल अनुसार गाउँपालिका क्षेत्रभित्र कुल ७ हजार ६३ हेक्टर अर्थात १ लाख ३७ हजार रोपनी खेतीयोग्य जमीन रहेको छ । सो मध्ये करिव ५ प्रतिशत जमीन पासाङ ल्हामु राजमार्ग लगायत पक्की सडकसँग जोडिएको र ३० प्रतिशत जमिन कच्ची सडकसँग जोडिएको अनुमान गर्न सकिन्छ । बाँकी ६५ प्रतिशत जमीन अन्य गोरेटो बाटोमा जोडिएको छ । कुल जमीनको करिब ४२ प्रतिशत सिंचाई योग्य अर्थात खेत रहेको देखिन्छ । उपरोक्त जमीनको संरचना र उपयोगलाई हेर्दा पक्की सडकसँग जोडिएको जमीनलाई प्रति रोपनी रु. ५०, कच्ची सडकसँग जोडिएको सिंचाइयोग्य जमीनलाई प्रति रोपनी रु. ३० र असिंचित जमिनलाई रु. २५ भूमिकर निर्धारण गर्न सकिन्छ । बाँकी जमीन मध्ये खेतलाई प्रति रोपनी रु. २० र बारी वा पाखोलाई रु. १५ निर्धारण गर्दा निम्नानुसार असुली हुने सम्भावना रहन्छ :

तालिका नं. ८ :

जमीनको बर्गिकरण	जमीन (रोपनी)	करको दर	सम्भाव्य आय (रु.)
पक्की सडकले छोएको खेतबारी	६८७५	४०	२७५०००
कच्ची सडकले छोएको सिंचित जमीन	१७३२५	३०	५१९७५०
कच्ची सडकले छोएको असिंचित जमीन	२३९२५	२५	५९८१२५
सडक नपुगेको खेत	३७५३७	२०	७५०७४०

जमीनको बर्गिकरण	जमीन (रोपनी)	करको दर	सम्भाव्य आय (रु.)
सडक नपुगेको बारी वा पाखो	५१८३७	१५	७७७५५५
जम्मा	१३७५००		२९२११७०

सुधारका पक्षहरू: यस सम्बन्धमा सुधारका पक्षहरु देहायअनुसार छन् :

- मालपोतलाई भूमिकरको परिभाषामा बदलेर जमीनको मूल्य र पहुँच अनुसार दर निर्धारण गर्ने ।
- साविकको वर्गिकरणका आधारमा बढी मूल्य पर्ने जग्गाको यथार्थ लगत तयार पार्ने ।
- आवश्यक पूर्वाधार तयार गरी सबै वडा कार्यालयमा कम्प्यूटरमा आधारित बिलिङ प्रणाली लागू गर्ने ।

ग. घरजग्गा वहाल कर

हालको अवस्था:

गाउँपालिकाको आर्थिक ऐनले गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा घरजग्गा वहाल कर लगाईने र असूल गरिने उल्लेख गरेको छ । त्यसैगरी सो ऐनको अनुसूची ३ मा सम्बन्धित धनीबाट घरको बहालमा १० प्रतिशत, कृषि प्रयोजनमा वहाल लगाएमा २ प्रतिशत र ब्यापारीक प्रयोजनमा जग्गा भाडामा लगाएमा ५ प्रतिशत बहाल कर लिइने भनी उल्लेख गरिएको छ । हालसम्म संस्थागत रुपमा बहालमा दिइएका घरहरुबाट मात्र यो कर संकलन गरिएको भन्ने जानकारी गाउँपालिकासँगको छलफलमा प्राप्त भएको हो । तर गत आर्थिक वर्षमा यस शिर्षकमा आय भएको देखिंदैन ।

सम्भाब्यता

यस गाउँपालिकाको पृथ्वी राजमार्गका बजार क्षेत्रमा केही घर तथा जग्गाहरु बहालमा रहेका छन् । गाउँपालिका भित्र करिब ५० वटा भवनहरु संस्थागत प्रयोजनका लागि भाडामा लगाइएको अनुमान छ । त्यसैगरी करिब १०० वटा घर तथा ब्यापारीक सटरहरु ब्यवसायीक प्रयोजनका लागि भाडामा लेनदेन भएका छन् । कुल ६०० ब्यवसायहरु मध्ये करिब १० प्रतिशतले मासिक भाडामा जमीन लिएर ब्यापार गरिरहेको देखिन्छ । तर आवासीय प्रयोजनका लागि घर वा फ्ल्याट भाडामा दिइएको खासै देखिंदैन । त्यसैगरी जग्गा भाडामा लिएर करिब ३० वटा होटेल ब्यवसाय भाडाका घरमा सञ्चालन भएकोमा प्रति होटेल औसत ३ लाख बार्षिक वहाल तिर्ने गरेको देखिन्छ । समग्रमा ककनी गाउँपालिकामा घरजग्गा वहाल कर बापत गाउँसभाले निर्धारण गरेको दरमा बहाल कर असुल गर्दा निम्नानुसार असुल हुने देखिन्छ :

तालिका नं. ९ :

घर जग्गा बहालको विवरण	करयोग्य आय	बहाल कर	करदाता	सम्भाव्य आय (रु.)
संस्थागत प्रयोजनका लागि घरभाडा	२५००००	२५०००	४०	१००००००
होटेल प्रयोजनका लागि घरभाडा	३०००००	३००००	३०	९०००००
ब्यापारका लागि घर सटर भाडा	१०००००	१००००	१००	१००००००
ब्यापारीक प्रयोजनमा जग्गा भागा	१०००००	५०००	५०	२५००००
कृषि प्रयोजनमा जग्गा भाडा	६००००	१२००	५०	६००००
जम्मा				३२१००००

सुधारका पक्षहरू:

घरजग्गा बहालमा लगाउने र बस्ने व्यक्तिको विवरण ब्यवसाय दर्ताको माध्यमबाट अद्यावधिक गर्ने र सोही अनुसार कर असुलीका लागि सूचित गर्ने ।

घ. व्यवसाय कर

हालको अवस्था:
गाउँपालिकाले आर्थिक ऐन मार्फत् व्यापार, व्यवसाय र सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाउने व्यवस्था गरेको छ । आर्थिक ऐनमा व्यवसायको प्रकृति र आकारका आधारमा विभिन्न तहमा वर्गिकरण गरिएको छ । सबैभन्दा बढी उद्योगका लागि रु. ३५०००।-सम्म र सबभन्दा कम खुद्रा पसलका लागि रु. ५०० सम्म दर निर्धारण गरिएको छ । ककनी गाउँपालिकाले आर्थिक वर्ष २०७६/७७ मा करिब रु. ११ लाख व्यवसाय कर बापत असुल गरेको देखिन्छ । चालू आर्थिक वर्षको फागुन मसान्तसम्म यसबाट रु. .... गाउँपालिकालाई प्राप्त भएको छ ।

संभावना:
गाउँपालिकाको प्रोफाइल अनुसार साना तथा मझौला उद्योगहरु ५० वटा देखिएका छन् भने ब्यापार ब्यवसाय ६०० रहेको अभिलेख देखिन्छ । गाउँपालिकाको राजमार्ग र भित्री सडक आसपास फैलिएका उत्पादन र उत्पादनमूलक ब्यवसायहरु ५० वटा, कृषि तथा बनजन्य ६० वटा, होटेल रेष्टुरेन्टहरु ५० वटा र सानो कारोबारका ब्यापारीक पसलहरु २०० वटा, वित्तिय संस्था र सहकारीहरु ५० वटा शैक्षिक संस्थाहरु ३५ वटा सम्म रहेको अनुमान गरिएको छ । यस अनुसार उपलब्ध व्यवसाय र गाउँपालिकाको आर्थिक ऐन र ब्यवसाय करको दररेटलाई सामान्य फेरबदल गर्दा करको सम्भाव्यता निम्नानुसार आँकलन गरिएको छ :

तालिका नं. १० : व्यवसाय करको सम्भाव्यता विवरण

क.सं.	करदाता (व्यापार व्यवसायको स्तर अनुसार)	संख्या	औसत करको दर रु.	संभावित आय रु.
१	मझौला तथा साना उद्योगहरु	५०	५०००	२५००००
२	उत्पादन तथा प्रशोधनमूलक ब्यवसायहरु	१२०	४०००	४८००००
३	होटेल रेष्टुरेन्टहरु	५०	४०००	२०००००
४	सेवामूलक ब्यवसायहरु	१००	१०००	१०००००
५	खुद्रा किराना ब्यापार	२००	१०००	२०००००
६	वित्तिय तथा सहकारी	५०	५०००	२५००००
७	यातायात तथा निर्माणजन्य ब्यवसाय	३०	१५००	४५०००
८	निजी स्वास्थ्य संस्था तथा फार्मेसीहरु	६०	१०००	६००००
९	शैक्षिक संस्थाहरु	३५	१५००	५२५००
	जम्मा			१६३७५००

सुधारका पक्षहरू:
गाउँपालिकाको व्यवसाय कर संकलनमा सुधार ल्याउन निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ :

- गाउँपालिकामा संचालित व्यवसायहरूको करको दर पुनरावलोकन गरी आर्थिक ऐनमा उल्लेख गर्ने ।
- सबैलाई व्यवसाय दर्ताको आह्वान गर्ने तथा ब्यवसाय दर्ताका लागि घुम्ती शिविर सञ्चालन गर्ने ।
- एकै प्रकारको व्यवसायलाई पनि लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना (क, ख, ग) वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।

ङ. जडीवुटी, कवाडी, जीवजन्तु कर

हालको अवस्था:

यस शीर्षकमा गाउँपालिकाले हालसम्म कुनै कर संकलन गरेको छैन । यस गा.पा. को आर्थिक ऐनमा गाउँपालिका क्षेत्रमा कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, बनकस, मरेका जन्तुको हाड, सिङ, प्वाँख, छालाजस्ता वस्तुको व्यवसायिक कारोबार गरेबापत कर लगाइने र असुलउपर गरिने उल्लेख गरेको छ । गाउँपालिका आर्थिक ऐनको अनुसूची ५ मा प्रति केजी रु. १, देखि रु. ३० सम्म कर लगाइने उल्लेख छ ।

सम्भावनाः
यद्यपि यस गाउँपालिकामा राजमार्गको आसपासको ब्यापारीक क्रियाकलाप व्यापक रुपमा फैलिएको र काठमाण्डौं उपत्यकाको फोहरमैला विसर्जन हुने ओखरपौवा ल्याण्फिलसाइट रहेको हुनाले कवाडी मालवस्तुको संकलन र निकासी पर्याप्त भइरहेको छ । त्यसैगरी जडिबुटी (खोटो, वनकस, खर आदि) को संकलन तथा बिक्री सम्बन्धमा कुनै तथ्यांक नभए पनि आसपासको ग्रामीण क्षेत्रमा यसको उत्पादन र विक्रीको सम्भाब्यता देखिन्छ । त्यसैगरी जीवजन्तुको हाड, छाला, ऊन आदिको अभिलेख विना कारोबार भइरहेको पाइन्छ । यस गाउँपालिकामा उल्लेखित शीर्षक अन्तर्गत कवाडी तर्फ १० लाख सम्म, जडिबुटी र जिबजन्तु तर्फ ४ लाख सम्म संकलन हुनसक्ने प्रारम्भिक अनुमान गरिएको छ ।

सुधारका पक्षहरूः यस कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ :

- यस सँग सम्वन्धित व्यवसायीहरुको दर्ता र अभिलेखीकरण गर्ने ।
- कवाडी वस्तुको व्यवसायिक कारोवारलाई इजाजत प्रदान गरी वार्षिक ठेक्का मार्फत कर संकलन गर्ने ।
- जडीबुटीको र जिवजन्तुको उपलब्धता र कारोबार सम्वन्धमा अध्ययन गर्ने ।

च. विज्ञापन कर

हालको अवस्था
विद्यमान कानुनी व्यवस्था अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार–प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल आदिमा विज्ञापन कर लगाउन सक्नेछ । संघीय कानुन अनुसार यो प्रदेश सरकारसँग बाँडफाँड हुने कर हो । यस गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाई असूल उपर गरिने र यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त ऐन, २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत गाउँपालिका संचित कोषमा राजश्व बाडँफाड गर्नुपर्ने उल्लेख गरिएको छ । गाउँपालिकाले यस शिर्षकबाट गत आर्थिक वर्षमा कुनै आम्दानी गरेको छैन ।

सम्भावनाः
यस गाउँपालिका अन्तर्गत पृथ्वी राजमार्ग आसपास ठूला साना होर्डिङ बोर्डहरु राखिएका तर त्यस वापत कर प्राप्त नभइरहेको अवस्था छ । सो राजमार्ग आसपास ३०० वर्ग फिट सम्मका ४० वटा जति र १०० वर्ग फिटका ५० वटा जति होर्डिङ, ग्लो साइन वा साइन बोर्डहरु राखिएका छन् । तिनीहरुको कर वापत गाउँपालिका आर्थिक ऐनले निर्धारण गरेको दर बमोजिम प्रति वर्गफिट औसत रु. ५० ले हिसाव गर्दा वार्षिक करिब रु. १० लाख सम्म प्राप्त हुनसक्ने देखिन्छ ।

सुधारका पक्षहरूः

- विज्ञापनका सामग्री तथा प्रयोग भएका स्थानका सन्दर्भमा यथार्थ तथ्यांक संकलन गर्ने ।
- न्यूनतम संकलन हुन सक्ने रकम यकिन गरी ठेक्का आव्हान गर्ने ।
- सम्भाव्य स्थानहरुमा विज्ञापन प्रवर्द्धनको वातावरण तयार गर्ने ।

३.३.२ गैरकर राजस्व

क) बिक्रीबाट प्राप्त रकम ***(ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री)***

हालको अवस्थाः
गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय अध्ययनबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान छ ।

यस गाउँपालिकाको आर्थिक ऐनमा आफनो क्षेत्रभित्र संकलन तथा बिक्री वितरण हुने ढुङ्गा, गिट्टी, बालुवा दहत्तर बहत्तरको संकलन तथा निकासीमा अनुसूची १० मा प्रदेश कानुन बमोजिम शुल्क लगाउने र असुल उपर गरिने उल्लेख गरेको छ । आर्थिक वर्ष २०७६/७७ मा यस शिर्षकबाट १ करोड १३ लाख ७३ हजार असुल भएको देखिन्छ भने चालू आर्थिक वर्षमा यस शिर्षकमा करिब १ करोड ५० लाख अनुमान गरिएको छ ।

सम्भावनाः
गाउँपालिकाको क्षेत्रभित्र पर्ने खोलाहरुमा वातावरणीय अध्ययनले तोकेको परिमाणलाई आधार मानी प्रदेश कानुनको दररेटमा आधारित भई वार्षिक परिमाण मूल्य निर्धारण गरि ठेक्का वन्दोवस्ती गर्ने गरिएको छ । चालू आर्थिक वर्षमा ठेक्का नलागेको हुँदा यस वापतको असुली मासिक अमानतमा गर्ने गरिएको छ । यहाँको मुख्य नदीजन्य पद्धार्थ विक्रीका लागि मुख्य स्रोत कोड्कु खोला हो यसबाहेक अरु सानातिना खोलामा समेत ठेक्का बन्दोवस्त गर्न सकिने देखिन्छ । काठमाण्डौंदेखि नजिकै रहेकोले यहाँको गिट्टी वालुवा बढी मूल्यमा विक्री गर्न सकिन्छ । चालू आर्थिक वर्षका लागि गाउँपालिकाले ठेक्का आब्हान गरेको भएता पनि ठेक्का नलागेको हुँदा अमानतबाट असुली भइरहेको छ । आगामी वर्षमा प्रदेश सरकारमा अनुरोध गरेर दर पूनरावलोकन गरी ठेक्का आब्हान गर्दा । यसो गर्न सकेमा यस शिर्षकबाट गत आर्थिक वर्षको भन्दा वृद्धि हुन गई रु. २ करोड ५० लाख जति वार्षिक आय संकलन हुनसक्ने देखिन्छ ।

सुधारका पक्षहरू :

नदीजन्य तथा खानीजन्य पद्धार्थको विक्रीका लागि दर पूनरावलोकन गर्न प्रदेश सरकारलाई अनुरोध गर्ने ।

- थप क्षेत्रको प्रारम्भिक वातावरणीय अध्ययन परीक्षण गरी अध्ययन प्रतिवेदन तयार गर्ने ।
- अध्ययन प्रतिवेदनको सिफारिश बमोजिम उत्खनन् तथा बिक्रीका लागि ठेक्का आव्हान गर्ने ।
- स्थानीय आर्थिक ऐनमा नै दर निर्धारण गरि असुली ब्यवस्था मिलाउने ।

ख) बहाल बिटौरी शुल्क

हालको अवस्थाः
गाउँपालिकाले आफूले रेखदेख वा सञ्चालन गरेको हाटवजार र सरकारी जग्गामा वनेका संरचनाको उपयोग गरे वापत बहाल विटौरी शुल्क लगाउन पाउने कानुनी व्यवस्था छ । तर यस गाउँपालिका भित्र हाटबजारको ब्यवस्था छैन र सार्वजनिक जग्गामा वनेका घरटहराहरुमा समेत विटौरी शुल्क लगाइएको छैन । यसप्रकार गाउँपालिकाले हालसम्म यस शिर्षकमा कुनैपनि आय गरेको छैन ।

संभावनाः
बहाल बिटौरी शुल्कका लागि यस गाउँपालिका अन्तर्गत राजमार्ग आसपास रहेका सडक अधिकार क्षेत्रमा निर्माण गरिएका अस्थायी टहरा र रेष्टुरेन्टहरुसँग वहाल विटौरी असुल गर्न सकिन्छ । त्यसैगरी पर्यटकीय क्षेत्रको आसपास र सडक क्षेत्रमा निर्माण भएका टहरा, पसलहरु करिब १०० को संख्यामा रहेका र तिनीहरुसँग वार्षिक १२००० को दरले असुल गर्दा करिब १२ लाख सम्म आय प्राप्त हुने देखिन्छ ।

सुधारका पक्षहरूः

- गाउँपालिकाभित्र भएका सार्वजनिक वा सडक अधिकारका जमिनको विवरण संकलन गर्ने ।
- वहाल विटौरी शुल्कको दायराभित्र सार्वजनिक जग्गाको उपयोग र सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत लाग्ने शुल्कलाई उल्लेख गर्ने ।
- संकलित विवरणका आधारमा वर्गीकरण गरी हाटबजार विटौरी शुल्कको दर निर्धारण गर्ने र सोही आधारमा संकलन गर्ने ।

ग) नक्सा पास दस्तुर

हालको अवस्थाः

गाउँपालिकाको आर्थिक ऐनमा नक्सापास दस्तुरको दर तोकिएको छ तर नक्सापासको प्रचलन व्यापक रुपले अघि वढेको देखिंदैन । नक्सापास प्रक्रिया शुरु गरिएको र निर्माण भइसकेका घरहरुको समेत नियमन गर्ने तयारी भएको उल्लेख गरिएको छ । यसका लागि नक्सापास निवेदन दस्तुर रु. १०००, आरसीसी स्टक्चरमा प्रति वर्ग फिट रु. ५ देखि रु. १२ सम्म निर्धारण गरिएको छ । त्यसैगरी अभिलेखिकरणको हकमा निर्धारित दरमा ५० प्रतिशत थप लाग्ने र परम्परागत घरको दर्ता दस्तुर रु. ३०० तोकिएको छ । यस शिर्षकबाट गत आर्थिक वर्षमा यस गाउँपालिकाले आय गरेको भएपनि शिर्षक अुसार छुट्याएर राखिएको देखिंदन ।

सम्भावनाः

राजमार्ग र वजार क्षेत्र भएको हुनाले आरसीसी संरचनामा यस अघि नै बनिसकेका घरहरु र अहिले बन्न लागेका घर भवनहरुको नक्सा पास अनुमति प्रभावकारी वनाउनु पर्ने आवश्यकता छ । हाल यस गाउँपालिकामा पर्यटकीय होटेलहरुको वृद्धि भएपनि ग्रामीण वस्तीमा पिल्लरवाला आरसिसि घरहरु धेरै छैनन् । यसप्रकार गाउँपालिकाले नक्सापास दस्तुरबाट निम्नानुसार आय गर्नसक्ने देखिन्छ ।

तालिका नं. ११ :

विवरण	संख्या	दर (प्रति वर्गफिट)	अनुमानित आय (रु.)
नक्सापास २५०० वर्गफुट सम्म	६० (औसत १५००)	६	५४००००
नक्सापास ५००० वर्ग फुट सम्म	२० (औसत ४०००)	१२	९६००००
नक्सापास किताब	१००	१०००	१०००००
निर्माण सम्पन्नता	५०	१०००	५००००
पुरानो अभिलेखिकरण	४० (औसत २५००)	१५	१५०००००
परम्परागत घर दर्ता	३००	३०० (प्रति गोटा)	९००००
कुल जम्मा			**३२४००००**

सुधारका पक्षहरूः

घर अभिलेखीकरण तथा नक्सापास प्रक्रियाले भवन निर्माणलाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी वनाउने तर्फ निम्नानुसार पहल गर्न जरुरी देखिन्छ :

- घर अभिलेखीकरणका लागि सार्वजनिक सूचना जारी गरी बैंक तथा वित्तिय संस्थाहरुसँग समन्वय गर्ने ।
- मापदण्ड तथा कार्यविधिहरू अनुसार नक्सापास प्रावधान अनिवार्य भएको सूचना प्रवाह गर्ने ।
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर समयानुकुल परिमार्जन गर्ने ।

घ) व्यवसाय रजिष्ट्रेशन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)

हालको अवस्थाः

स्थानीय तहले एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो बापत दस्तुर संकलन गर्न सक्छन् । गाउँपालिकाले सोही अनुरुप व्यवसायहरुको दर्ता गर्ने, इजाजत-पत्र दिने र सो बापत दस्तुर संकलन गरिरहेको भएता पनि उपरोक्त शिर्षकमा गरिएको आय छुट्टै अभिलेख राखिएको पाइएन ।

सम्भावनाः

गाउँपालिका क्षेत्रमा संचालनमा रहेका स्थानीय स्तरका व्यापारिक फर्म, घ वर्गको निर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा नयाँ संचालनमा आउन चाहनेलाई इजाजत र खानी सञ्चालन अनुमति दिंदा गाउँपालिकामा यस्ता व्यवसायिक कार्यहरु करिब ३०० रहेको अनुमान गरिएको छ । प्रति फर्म वार्षिक औसत रु. २००० रजिष्ट्रेशन दस्तुर लिँदा करिब रु. ६ लाख संकलन गर्न सकिने देखिन्छ ।

सुधारका पक्षहरूः

- दर्ता तथा अनुमतीका लागी जारी गरिएको निर्देशिकालाई परिमार्जन गर्ने ।
- आर्थिक ऐनमा व्यवसाय रजिष्टेशन तथा खानी अनुमति दस्तुरको दर उल्लेख गर्ने ।

ङ) सिफारिश तथा प्रमाणित दस्तुर :

हालको अवस्थाः

गाउँपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयबाट संकलन गरिआएको छ । आर्थिक ऐनको अनुसूची १० मा विभिन्न ६१ किसिमका निवेदन, सिफारिस तथा प्रमाणित सम्वन्धी दस्तुरहरुको दर निर्धारण गरिएको छ । सिफारिश तथा प्रमाणित दस्तुर वापत आ.व. २०७६।७७ मा सिफारिस तर्फ कुल रु. ४ लाख ८५ हजार ३ सय असुल भएको देखिन्छ । तर प्रमाणित दस्तुर, मूल्यांकन शुल्क लगायतका अन्य आयमा छुट्टै एकमुष्ट शिर्षक उल्लेख गरिएको हुनाले एकिन हुन सकेन ।

सम्भावनाः

गाउँपालिकामा भएको छलफलका दौरान तथा वडा कार्यालयहरूले गर्ने विभिन्न सिफारिशहरुको आधारमा यहाँ वार्षिक कुल ८००० वटा विभिन्न किसिमका सिफारिश तथा प्रमाणित कागजान जारी हुने अनुमान गरिएको छ । विद्यमान दर अनुसार प्रति सिफारिश औसत रु. २०० कायम भएमा सिफारिश तथा प्रमाणितबाट वार्षिक कुल रु. १६ लाख संकलन हुनसक्ने अनुमान गरिएको छ ।

सुधारका पक्षहरूः

- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण गरी सोही अनुरुप अभिलेखको व्यवस्था गर्ने ।
- सिफारिश वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको प्रमाण समावेश गर्ने प्रणाली स्थापित गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।

च) सेवा शुल्क :

हालको अवस्थाः

यस गाउँपालिकाको आर्थिक ऐनको अनूसूची १० मा उल्लेखित स्थानीय तहले उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनुसार शुल्क लगाइने उल्लेख गरिएको छ । यस अन्तर्गत गाउँपालिकाले शुल्क लगाउने गरी विभिन्न दर निर्धारण गरिएको छ । गत आर्थिक वर्षमा यस बापत छुट्टै आय संकलन भएको देखिदैन तर अन्य

आयको रु. ५४ लाख भित्र यस अन्तर्गतको आय समेत लेखांकन भएको हुनसक्ने देखिन्छ ।

सम्भावना:

आगामी आर्थिक वर्षमा उपरोक्त शिर्षकबाट आय प्राप्त गर्न सकिन्छ । यसका लागि सडकको बर्गिकरण गरि कम्तीमा ५ वटा ग्रामिण सडकहरुमा मर्मत सम्भार शुल्क निर्धारण गर्न सकिन्छ । यसबाट करिब वार्षिक रु. २० लाख सम्म, र अचल सम्पत्ति मूल्यांक लगायत अन्य सेवा बापत रु. १० लाखसम्म आय प्राप्त हुनसक्छ ।

छ) सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय :

हालको अवस्था:

हाल यस शीर्षकमा गाउँपालिकाले कुनै आम्दानी गरेको छैन । विद्यमान भौतिक स्रोतहरुको प्रयोगको दर रेट आर्थिक ऐनमा तोकिएको पनि छैन ।

सम्भावना:

यस गाउँपालिकाको स्वामित्वमा रहेका भौतिक सम्पत्तिहरु: जेसीबी एक्साभेटर, सभा हल तथा प्रोजेक्टर बहालमा दिएर आय गर्न सकिने देखिन्छ । त्यसैगरी पर्यटकीय गन्तव्य आसपास रहेको खाली जमीनमा सटर तथा पसल कवल निर्माण गरि भाडामा लगाउन सक्दा आय प्राप्त गर्न सकिन्छ । गाउँपालिकाको स्वामित्वमा भएका सम्पत्तिहरूका बहाल परिचालन सम्बन्धमा आवश्यक तथ्यांकहरू नभएकाले बाट आगामी आ.व.मा देहाय अनुसार आम्दानी गर्न सक्ने अनुमान गरिएको छ :

तालिका नं. १२ : सम्पत्तिको बहालबाट प्राप्त हुनसक्ने आयको सम्भाव्यता विवरण

क्र. सं.	स्वामित्वमा रहेको सम्पत्ति	अनुमानित संभाव्य आय
१	जेसीभि (व्याक हो लोडर) भाडा	५००,०००
२	स्क्याभेटर भाडा	२०००००
३	वैठक हल भाडा	३५,०००
४	प्रोजेक्टर भाडा	१५,०००
	जम्मा	७,५०,०००

सुधारका पक्षहरू:

- गाउँपालिकाको स्वामित्वमा भएका र बहालमा लगाउन सकिने सम्पत्तिहरूको विवरण यकिन गरी सबै सम्पत्तिको बहाल रकमको दर आर्थिक ऐनमा समावेश गर्ने ।
- गाउँपालिकाको सम्पत्ति बहालमा लगाउने सम्बन्धमा कार्यविधि तर्जुमा गरी कार्यान्वयमा ल्याउने ।

परिच्छेद – चार : राजश्व नीति, संयन्त्र तथा आय संकलनको अवस्था

यस परिच्छेदमा गाउँपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई छोटकरीमा व्याख्या गरिएको छ । यसले गाउँपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

४.१ राजस्व परिचालन सम्बन्धी नीति तथा संयन्त्र

गाउँपालिकाको प्रभावकारी राजस्व परिचालनका लागि कार्यपालिका बैठकले उपाध्यक्षको संयोजकत्वमा देहायअनुसार राजस्व परामर्श समिति गठन गरेको छ :

तालिका नं. १३ : राजस्व परामर्श समिति

क्र.सं.	समितिका व्यक्तिहरु (पद)	समिति (जिम्मेवारी)
१	सीता खतिवडा लामा, उपाध्यक्ष	संयोजक
२	महेन्द्र नेपाल, प्रमुख प्रशासकीय अधिकृत	सदस्य
३	राम लामा थिङ, वडाध्यक्ष	सदस्य
४	मिनु कुमारी तामाङ कार्यपालिका सदस्य	सदस्य
५	………………………………, उद्योग वाणिज्य संघ	सदस्य
६	शारदा बेल्बासे, राजश्व शाखा प्रमुख	सदस्य सचिव

राजस्व परामर्श समितिले समितिमा राजस्व प्रशासनका समस्याहरु माथि छलफल गर्ने गरेको, करदाताका समस्याहरु अध्ययन अनुगमन गर्ने गरेको र आवश्यकताअनुसार बैठकहरू आयोजना गरी सर्वसम्मतिले दररेटहरू तथा राजस्व सम्बन्धी नीतिगत निर्णयहरू गाउँसभा समक्ष पेश गर्ने गरेको छ । राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा गर्ने सम्बन्धमा छलफल गरी आ.व. २०७७।७८ मा लागू भएका राजस्व सम्बन्धी नीति तथा कानुनलाई नै आर्थिक वर्ष २०७८।७९ मा समेत निरन्तरता दिने गरी सर्वसम्मत निर्णय गरिएको छ ।

गाउँपालिकाको आ.व. २०७७।७८ को नीति तथा कार्यक्रममा राजस्व सम्बन्धमा छुट्टै च्याप्टरमा नीतिहरु उल्लेख नगरिए पनि विभिन्न विषयगत क्षेत्रभित्र समेट्ने गरी देहाय अनुसार नीति तय गरिएका छन् :

- गाउँपालिकाको आन्तरिक आय अभिबृद्धि गर्न करको दायरालाई बढाउँदै सहभागितामूलक कर नीति अवलम्बन गरिने ।
- स्थानीय सरकार सञ्चालनको मूल आधार आन्तरिक आय भएकाले गाउँबासी, उद्योग वाणिज्य संघ, टोलसुधार समितिहरु, स्थानीय शैक्षिक संस्थाहरुसँग सहकार्य गरी कर सचेतना तथा अभिबृद्धि कार्यक्रम मार्फत कर अभियानलाई अघि बढाइने ।
- सूचना प्रविधिको माध्यमबाट सेवाग्राहीको गुनासो सम्बोधन हुने परिपाटी विकास गरिने ।
- विगत देखिका अभिलेखहरुलाई कम्प्युरीकृत गरी सुरक्षित राख्ने प्रयत्न गरिने ।
- कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासका लागि आवश्यक तालिम तथा भ्रमणको व्यवस्था गरिने ।
- गाउँपालिका क्षेत्रमा नयाँ घर निर्माण गर्दा भवन निर्माण संहितालाई पूर्ण रुपमा पालना गर्न अभिप्रेरित गरिने तथा पुराना घरहरुलाई समेत निर्धारित मापदण्डमा अभिलिखिकृत गर्ने कार्यलाई कडाई गरिने ।
- गाउँपालिकाभित्र रहेका संघसंस्थाहरुको अनुगमन तथा नियमन गरी विषयगत कार्यप्रति उत्तरदायी बनाइने ।

४.२ विगतको आय परिचालनको अवस्था

यस गाउँपालिकाको कुल आयमा आन्तरिक आयको हिस्सा न्यून रहेको छ । आन्तरिक आय तर्फ नदीजन्य पदार्थ निकासी तथा बिक्री, सिफारिश दस्तुर तथा मालपोत यहाँका मुख्य स्रोतका रुपमा रहेका छन् । तसर्थ आगामी दिनमा समेत आन्तरिक आयतर्फ गाउँपालिकाको लागि सम्पत्ति कर, मालपोत, व्यवसाय कर, नदीजन्य पद्धार्थ विक्री र सेवाशुल्क दस्तुर नै मुख्य तथा दिगो क्षेत्र हुन् । गाउँपालिकाले मालपोतलाई जमीनको उपयोगका आधारमा वर्गिकरण गरेर दर निर्धारण गर्नुपर्ने देखिन्छ । पर्यटन र उद्योग व्यवसायको विकास र विस्तार अनुसार पर्यटन शुल्क र ब्यवसाय करको असुली प्रभावकारी देखिंदैन । जडीबुटी कवाडी तथा जीवजन्तु करको सम्भावना तत्कालका लागि न्यून रहेको देखिन्छ । गाउँपालिकासँग विगत आर्थिक वर्षहरुको तथ्यांकको शीर्षकगत आयसम्बन्धी अभिलेख व्यवस्थित देखिँदैन । अधिकांश करको असुली अभिलेख एउटै शिर्षकमा उल्लेख गरिएको छ । यसले गर्दा गाउँपालिकाको समग्र राजस्व प्रक्षेपणलाई यथार्थको नजिक पुर्‍याउन कठिनाइ रहेको छ । गाउँपालिकाकाबाट प्राप्त तथ्यांक अनुसार गाउँपालिकाले विगत आ.व. २०७५।७६ र २०७६।७७ मा संकलन गरेको यथार्थ आय, चालु आ.व. २०७७/७८ का लागि गरिएको आय अनुमान सम्बन्धी विवरण देहाय अनुसार रहेको छः

तालिका नं. १४: गाउँपालिकाको आय प्रवृत्ति

रु ००० मा

क्र.स.	आय शिर्षक	२०७४/७५	प्रतिशत	२०७५/७६	प्रतिशत	२०७६/७७	प्रतिशत	२०७७/७८	प्रतिशत
१	**आन्तरिक राजश्व**	२८२२८	८.१८	४५९३८	१०	२२२७३	५.६५	१४१३५२	२२.८२
२	**वित्तीय हस्तान्तरण**	२७०२६३	७८.३५	३०७९६०	६७.५	३२१५४८	८१.६१	३९०९०७	६३.१०
३	**प्रदेश सरकारबाट अनुदान**			४१४१८	९.१	३५१७३	८.९३	७७२५८	१२.४७
४	**स्थानीय सरकार अनुदान**					१५०००	३.८१	१००००	१.६१
५	**अन्य विविध आय**	४६४६८	१३.४७	६१११७	१३.४				
	जम्मा	३४४९५९	१००	४५६४३४	१००	३९३९९४	१००	६१९५१७	१००

माथिको तालिकाबाट यस गाउँपालिकाको आय संरचना हेर्दा कुल आयमा आन्तरिक आयको हिस्सा करिव आ.व. २०७४/७५ मा ८.२ प्रतिशत रहेकोमा २०७५/७६ मा वृद्धि भई १० प्रतिशत पुगेको देखिन्छ । तर सो अनुपात आ.व. २०७६/७७ मा घटेर ५.७ हुन पुगेकोमा चालू आर्थिक वर्ष २०७७/७८ का लागि अति महत्वाकांक्षी अनुमान गरि २३ प्रतिशतको हाराहारी प्रस्ताव गरिएको देखिन्छ । यसरी हेर्दा विगत देखि नै गाउँपालिकाको समग्र आयको प्रमुख स्रोतको रुपमा संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र राजश्व बाँडफाँड बापतको रकम नै रहेको देखिन्छ । अन्य पालिकाहरुको तुलनामा यस गाउँपालिकाले छुट्टै स्थानीय सरकार अनुदानको रुपमा विगत २ वर्ष देखि काठमाण्डौ महानगरपालिकाबाट १ करोड र टोखा नगरपालिकाबाट ५० लाख प्राप्त गरिरहेको छ ।

४.३ आय संकलनको संस्थागत क्षमता

गाउँपालिकामा राजश्व प्रशासन व्यवस्थापनका लागि संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्ने, संगठनात्मक स्वरुप तयार गर्ने वास्तविक दरबन्दीको यकीन गर्ने काम बाँकी रहेको छ । स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल गाउँपालिकाको राजस्वको संस्थागत क्षमता देहायअनुसार रहेको छ :

- राजस्व सम्बन्धी काम लेखा शाखाबाट भइरहेको र हालै मात्र आ.ले.प. सहायकलाई राजश्व सम्वन्धी काम हेर्ने जिम्मेवारी दिइएको ।
- राजस्व प्रशासनमा एकिकृत सफ्टवेयर जडान नभएको तर मालपोत लगायत केही कर तथा दस्तुरको असुली वडा कार्यालयबाट भइरहेको ।
- वडा कार्यालयहरूबाट मूलतः मालपोत, पञ्जीकरण, सिफारिस दस्तुरहरु र व्यवसाय कर संकलन गर्ने गरिएको ।
- वडा तहमा राजस्व संकलनका लागि राजश्व शाखाबाट जारी नगदी रसिदको प्रयोग भइरहेको ।
- वडा कार्यालयहरूले महिनाभर संकलन भएको रकम एकमुष्ठ बैंक दाखिला गरी विवरण सहित मासिक रुपमा भौचर पेश गर्ने गरेको ।
- राजस्व विवरण तथा प्रतिवेदन प्रणाली तोकिएको ढाँचामा नभएको ।
- आर्थिक ऐन र यथार्थ संकलन बीचको तालमेल कमजोर रहेको ।
- स्थानीय राजस्व परामर्श समिति गठन तथा परिचालन प्रभावकारी र क्रियाशील रहेको ।
- राजस्व परिचालन सम्वन्धिी कानुनको हकमा [illegible] र [illegible] बनेको ।
- राजस्व संकलनको जिम्मेवारी पाएका कर्मचारीहरूको लागि तालिम तथा अभिमुखीकरण नभएको ।
- हालसम्म राजस्व संकलन तथा त्यसको प्रभावकारिताका लागि अनुगमन तथा मूल्यांकन नभएको ।

४.४ राजस्व परिचालनमा रहेका सवालहरू

गाउँपालिकाको आन्तरिक आय परिचालनमा नयाँ व्यवस्था अनुसारको प्रशासनिक क्षमता विकास गर्न आवश्यक देखिन्छ । आन्तरिक आय परिचालनमा देखिएका सवालहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

क. संगठनात्मक संरचना तयारी

राजस्व परिचालनको क्षमता सुधार तथा राजस्वको स्रोत र आधारहरू वृद्धि गर्न गाउँपालिकामा राजस्व शाखा वा एकाई स्थापना, आवश्यक दरबन्दी स्वीकृति तथा कर्मचारी पदस्थापना गर्नु आवश्यक देखिन्छ । यसका साथै गाउँपालिकाको राजस्व अधिकारको आधारमा भौतिक सुविधा थप गर्ने, क्षमता विकास तालिम सञ्चालन गर्ने एवं सूचना तथा अभिलेख प्रणालीको आवश्यकता देखिन्छ । त्यसका अतिरिक्त वडाहरूवाट समेत तोकिएका शिर्षकहरूमा आय संकलन गर्न क्षमता विकास गरी आवश्यक स्रोत तथा साधन उपलब्ध गराउन आवश्यक छ ।

ख. आर्थिक ऐनमा सुधार

गाउँपालिकाले आर्थिक ऐन तर्जुमा गरी स्वीकृत गरेको छ तर सो ऐनलाई सुधार गरी व्यवहारिक तथा वस्तुपरक बनाउनुपर्ने देखिन्छ । आर्थिक ऐनमा सवारी करको व्यवस्था गरिएको छ । तर प्रचलित संघीय कानुनी व्यवस्था अनुरुप यो कर सवै सवारी साधनमा लिन नपाइने हुँदा यसलाई हटाउनुपर्नेछ । गाउँपालिकाको यन्त्रउपकरण तथा अन्य सम्पत्तिको भाडा दर ऐनमा उल्लेख नभएको हुँदा यिनीहरुलाई ऐनमा समावेश गर्नुपर्ने देखिन्छ । यस्तै, परिवर्तित व्यवस्था अनुसार सम्पत्ति कर लगाउन आर्थिक ऐनलाई सोहीअनुसार परिमार्जन गर्नुपर्नेछ । आगामी आ.व. २०७७।७८ का लागि आर्थिक ऐनको पुनरावलोकन जरुरी छ ।

ग. आन्तरिक आय परिचालन नीति तथा कार्यविधि

गाउँपालिकाले आय परिचालन सम्बन्धी नीति तथा मुख्य आय शीर्षकहरूवाट आय संकलन गर्ने कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यसमा आय संकलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषवस्तु पर्दछन् ।

घ. राजस्वका दर निर्धारण तथा प्रचार प्रसार

गाउँपालिकाले हालको कानुनी व्यवस्था अनुसार राजस्व संकलनका लागि दर निर्धारण गरी त्यसको प्रचारप्रसार गर्न आवश्यक देखिन्छ । त्यसैगरी करदातालाई आफूले तिर्नुपर्ने राजश्वको शिर्षक र रकम सम्बन्धी जानकारी उपलब्ध गराउन कर शिक्षा कार्यक्रम संचालन गर्नुपर्ने हुन्छ । यसका अतिरिक्त समयमा राजस्व नतिरेमा दण्ड जरिवाना लाग्ने विषयमा पनि प्रचार प्रसार गर्नु पर्दछ ।

ङ. व्यवस्थित राजश्व अभिलेख प्रणाली

आन्तरिक आयको अधिकतम परिचालनका लागि यसका आधारहरूको अभिलेख अद्यावधिक हुनु जरुरी छ । गाउँपालिकालाई प्राप्त राजस्वका अधिकारसँग सम्बन्धित व्यक्तिगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा सुविधाहरू आदिको अभिलेख तयारी तथा अद्यावधिक गर्न आवश्यक रहेको छ । अद्यावधिक अभिलेखबिना राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन सक्दैन ।

च. अन्तर निकाय समन्वय संरचना

राजस्व परिचालन नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा आन्तरिक तथा वाह्य निकायहरूसंग समन्वय अपरिहार्य हुन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई अझै प्रभावकारी बनाउनु पर्दछ । आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखाबीच निरन्तर समन्वय हुन जरुरी

देखिन्छ । त्यसैगरी राजस्व बाँडफाँट सम्बन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसंग समन्वय गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ । राजश्व प्रशासनलाई प्रभावकारी वनाउन निर्वाचित नेतृत्वले नियमित अनुगमन र छलफल गर्नुपर्दछ । साथै स्थानीय करदाता केन्द्रित समुदायहरुसँग छलफल गरी नयाँ करका शिर्षकहरु कार्यान्वयनमा ल्याउनु पर्दछ ।

छ. चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता

आयको संकलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । गाउँपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निन्तर संवाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडियामार्फत् राजस्व र करबाट प्राप्त आयलाई के के शिर्षकमा खर्च गरियो भन्ने विवरणबारे नागरिक तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रसासहरू हुन सक्दछन् ।

परिच्छेद – पाँच : राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको गाउँपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई गाउँपालिकाले कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने विश्वास लिईएको छ ।

५.१ गाउँपालिकाको राजश्व सुधार कार्ययोजना

गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयारीका सन्दर्भमा टेलीफोन मार्फत गाउँपालिका पदाधिकारीहरुसँग आवश्यक सूचना लिइएको र विद्युतीय माध्यमबाट गाउँपालिका पदाधिकारीहरुसँग छलफल तथा अन्तरक्रिया आयोजना गरिएको थियो । यसक्रममा थप छलफलका लागि २०७७ जेठ ३२ गते गाउँपालिकाको आयोजना र परामर्शदातृ निकायको सहजीकरणमा संक्षिप्त कार्यशाला गोष्ठी सम्पन्न भएको थियो । सो गोष्ठीमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, उद्याग वाणिज्य संघका प्रतिनिधि लगायत अन्य अधिकृत कर्मचारीहरुको सहभागीता रहेको थियो । सो कार्यशालाबाट सहभागीहरूले आगामी कार्ययोजनाको खाका उपलब्ध गराउनुका साथै थप तथ्यांक समेत प्रदान गर्नुभएको थियो । उपरोक्त छलफल र विश्लेषणबाट आएका नतिजाहरूलाई समेत समावेश गरी गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तल उल्लेखित स्वरुपमा तयार गरिएको छ । यस कार्ययोजनाका क्रियाकलापहरूलाई बृहत् रुपमा निम्न तीन क्षेत्रमा विभाजन गरिएको छ :

क. कर राजस्व सुधार योजना
ख. गैरकर राजस्व सुधार योजना
ग. राजस्व प्रशासन सुधार योजना

क. कर राजस्व सुधार योजना

क.स	सुधारका लागि गर्नु पर्ने कार्यहरु	समयावधि	जिम्मेवारी
१	**भूमिकर/मालपोत**		
१.१	जग्गाको वर्गिकरण गर्दा राजमार्ग र मुख्य सडकमा जोडिएका कित्ताको विवरण संकलन गर्ने	२०७८ असोज मसान्त सम्म	राजश्व शाखा वडा कार्यालय
१.२	मालपोत कार्यालयहरुबाट जग्गाको नयाँ लगत र मूल्यांकन दर प्राप्त गर्ने	२०७८ असोज मसान्त सम्म	प्रमुख प्रशासकीय अधिकृत, अध्यक्ष
१.३	जग्गाको उपयोग र मूल्य अनुसार पून:वर्गिकरण गरी सोही वमोजिम दर निर्धारण गर्ने	२०७८ असोज मसान्त सम्म	राजश्व परामर्श समिति
२	**सम्पत्ति कर**		
२.१	संघीय कानुन अनुसार स्थानीय आर्थिक ऐनमा परिमार्जन गरी सम्पत्तिको मूल्यांकन र दर तोक्ने	२०७८ असार मसान्त सम्म	राजस्व परामर्श समिति गाउँसभा
२.२	सम्पत्ती करबारे सबै वडामा जनचेतना कार्यक्रम संचालन गर्ने	२०७८ कार्तिक देखि निरन्तर	राजश्व शाखा तथा वडा कार्यालय, राजस्व परामर्श समिति
२.३	सम्पत्ती कर लगायत अन्य आयको लागि एकिकृत सफ्ट्वेयर खरीद तथा सो सम्बन्धी तालिमको व्यवस्था गर्ने	२०७८ भाद्र	गाउँ कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत

क.स	सुधारका लागि गर्नु पर्ने कार्यहरु	समयावधि	जिम्मेवारी
२.४	सम्पत्ति कर प्रशासनका लागि थप भौतिक सामग्री हरुको व्यवस्था गर्ने (वडा कार्यालयमा कम्प्युटर, प्रिन्टर इन्टरनेट लगायत)	२०७८ असोज	गाउँ कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत
३	**घर जग्गा वहाल कर**		
३.१	बहालमा लगाएका घरधनीहरुलाई बहाल कर सम्बन्धमा जानकारी गराई कर तिर्न सूचित गर्ने	२०७८ श्रावण देखि हरेक महिना	राजश्व शाखा वडा कार्यालय
३.२	वहाल कर तिरेको वा नतिरेको अनुगमन गर्ने	२०७८ भाद्र देखि निरन्तर	राजश्व शाखा, राजश्व परामर्श समिति
३.३	घरजग्गा बहाल करलाई सम्पत्ति कर र व्यवसाय करसँग अनिवार्य लिंक गर्ने	२०७८ भाद्र देखि निरन्तर	राजश्व शाखा वडा कार्यालय
४	**व्यवसाय कर**		
४.१	व्यवसायको पहिचान, अभिलेखीकरण र वर्गीकरण गर्ने	२०७८ माघसम्म	राजश्व शाखा र वडा कार्यालय
४.२	व्यवासाय दर्ता तथा कर संकलनका लागि आवधिक रुपमा घुम्ति शिविर संचालन गर्ने	२०७८ असोजदेखि त्रैमासिक रुपमा	राजश्व शाखा वडा कार्यालयहरु
४.३	व्यवसाय कर सम्बन्धमा आर्थिक ऐनमा दण्ड र पुरस्कारको व्यवस्था गर्ने ।	२०७८ असोज देखि	गाउँसभा
५	**जडीबुटी, कवाडी र जीवजन्तु कर**		
५.१	जडीबुटी तथा कवाडी संकलनको सम्भाव्य क्षेत्र पहिचान गरी बिक्री हुने परिमाण अध्ययन गर्ने	२०७८ भाद्र मसान्त	राजश्व शाखा राजश्व परामर्श समिति
५.२	जडीबुटी र कवाडी करको दर निर्धारण गरी सो अनुसार ठेक्का वन्दोवस्त गर्ने गर्ने	२०७८ असोज मसान्त सम्म	गाउँ सभा, कार्यपालिका
६	**विज्ञापन कर**		
६.१	राजमार्ग आसपास राखिएका होर्डिङ बोर्ड तथा वाल पेन्टीङ हरुको आकार र संख्या गणना गर्ने	२०७८ भदौ मसान्त	राजश्व शाखा
६.२	आकार र संख्या गणना अनुसार सम्भाव्य करको अनुमान गरी ठेक्का वन्दोवस्त गर्ने	२०७८ असोज मसान्त	गाउँ कार्यपालिका

ख. गैरकर राजस्व सुधार योजना

क.सं.	सुधारका लागि गर्नुपर्ने कार्यहरु	समयावधि	जिम्मेवारी
१	**ढुंगा, गिट्टी, बालुवा, स्लेट आदिको बिक्री**		
१.१	हाल उत्खनन् र विक्री भइरहेका खोलाहरु वाहेक थप खोला र निजी खानीहरुको पहिचान गर्ने	२०७८ भाद्र मसान्त	गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत
१.२	माथि उल्लेखित स्रोतहरुमा प्रारम्भिक वातावरणीय परीक्षण गराउने	२०७८ असोज मसान्त	कार्यपालिका र प्रविधिक शाखा

१.३	थप भएका खानी र खोलाहरुको छुट्टै प्याकेजमा ठेक्का आब्हान गर्ने	२०७८ कार्तिक मसान्त	गाउँ कार्यपालिका
	नदीजन्य पदार्थको विक्री र निकासी शुल्कलाई आर्थिक ऐनमा दर र शिर्षक हेरफेर गर्ने	२०७८ आषाढ मसान्त	राजश्व परामर्श समिति गाउँ सभा
१.४	काम र बिक्रीको नियमित अनुगमन सुनिश्चित गर्ने	निरन्तर	कार्यपालिका, राजश्व परामर्श समिति
२	**नक्सा पास दस्तुर**		
२.१	घर निर्माण गर्दा नक्सा पास अनुमतिलाई कडाई गर्ने	निरन्तर	कार्यपालिका
२.२	गाउँपालिका भित्र भएका पक्की तथा कच्ची घरहरुको अभिलेखीकरण गर्ने	२०७८ श्रावण देखि निरन्तर	कार्यपालिका र प्रविधिक शाखा
२.३	निर्माण भइसकेका घरहरुको अभिलेखीकरण तथा नक्सापास नियमनका लागि घरधनीलाई सूचित गर्ने र त्रैमासिक रुपमा अनुगमनमा खटाउने	२०७८ माघ मसान्त	गाउँ सभा, गाउँ कार्यपालिका र प्राविधिक शाखा
२.४	नक्सापास कार्यका लागि इन्जिनियर तथा प्राविधिकहरुलाई तालिम प्रदान गर्ने	२०७८ कार्तिक मसान्त	प्रमुख प्रशासकीय अधिकृत
२.५	नक्सापास तथा अभिलेखीकरण गर्नुपर्ने प्रावधान सहित सो प्रक्रियाबारे नागरिकलाई सुचित गर्ने	२०७८ भाद्र देखि निरन्तर	प्राविधिक शाखा वडा कार्यालयहरु
३	**बहाल विटौरी शुल्क**		
३.१	सडक आसपास तथा पर्यटकीय क्षेत्र आसपास भएका सार्वजनिक जमिन तथा अस्थायी संरचनाबारे तथ्यांक संकलन गर्ने	२०७८ असार मसान्त	प्राविधिक तथा प्रशासन शाखा
३.२	सार्वजनिक जमिनमा रहेका संरचना र विद्यमान उपयोगको अवस्था हेरी शुल्क निर्धारण गर्ने	२०७८ असार मसान्त	राजस्व परामर्श समिति र गाउँसभा
३.३	यस्तो शुल्क असुलीका लागि सम्वन्धित उपयोगकर्तालाई सूचित गर्ने	२०७८ कार्तिक मसान्त देखि निरन्तर	राजस्व परामर्श समिति र गाउँसभा
४	**दर्ता, नवीकरण तथा अनुमती दस्तुर**		
४.१	विद्यालय स्थापना, घ वर्गको ठेक्का इजाजत, एफ.एम. रेडियो संचालन, स्थानीय व्यापारीक फर्म आदिको दर्ता गर्ने कार्यविधि परिमार्जन गर्ने	२०७८ भाद्र मसान्त सम्म	गाउँ कार्यपालिका, कार्यपालिका
४.२	दर्ता तथा नवीकरण दस्तुरको दर आर्थिक ऐनमा सेवा शुल्क दस्तुरबाट टुक्र्याउने	२०७८ श्रावण मसान्त	राजस्व परामर्श समिति, गाउँ सभा
५	**सेवा शुल्क**		
५.१	सडक मर्मत सम्भार शुल्क असुलीलाई कडाईका साथ लागू गर्ने	२०७८ श्रावण देखि निरन्तर	गाउँ कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत
५.२	अन्य सेवा शुल्कको असुली विवरण दुरुस्त राख्ने	२०७८ भाद्र देखि निरन्तर	राजश्व शाखा वडा कार्यालय
६	**पर्यटन शुल्क**		

६.१	ककनी पिकनिक स्पट तथा पर्यटकीय क्षेत्रहरुलाई तारबार गरी खुल्ला प्रवेशलाई नियन्त्रण गर्ने	२०७८ भाद्र मसान्त सम्म	गाउँ कार्यपालिका
६.२	पर्यटन शुल्कको दर आर्थिक ऐनमा नै निर्धारण गर्ने	२०७८ आषाढ मसान्त	गाउँ सभा, राजश्व परामर्श समिति
६.३	शुल्क असुलीका लागि वार्षिक ठेक्का वन्दोवस्ती गर्ने वा पालिकाकै कर्मचारी खटाउने	२०७८ भाद्र मसान्त सम्म	गाउँ कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत
७	**दीर्घकालीन आय स्रोतको पहिचान तथा सम्भाव्यता**		
७.१	गाउँपालिकालाई दीर्घकालीन आय हुनसक्ने सम्भाव्य क्षेत्रहरुको पहिचान गर्ने - मुख्य बजार र राजमार्ग आसपास भवन वा सटर - बजार क्षेत्रमा खानेपानी आयोजना सञ्चालन - अतिथी गृह	२०७८ पुस मसान्त	गाउँ कार्यपालिका, गाउँ सभा
७.२	पहिचान भएका क्षेत्रहरुको सम्भाव्यता अध्ययनका लागि आवश्यक रकम विनियाजन गर्ने ।	२०७८ श्रावण मसान्त	गाउँ कार्यपालिका

ग. राजस्व प्रशासन सुधार योजना

क.स	सुधारका लागि गर्नु पर्ने कार्यहरु	समयावधि	जिम्मेवारी
१	**कानुनी तथा नीतिगत व्यवस्था**		
१.१	आर्थिक ऐन पुनरावलोकन गरी परिमार्जन गर्ने - हालको राजस्व अधिकारका सम्भाव्य शिर्षकहरु अनुसार शिर्षक हेरफेर गर्ने - व्यवहारिक नदेखिएका, लागु नहुने तथा संघीय कानुनसँग बाझिने प्रावधानहरुलाई हटाउने । - राजस्व असुलीको व्यवस्थासंगै दण्ड, सजाय तथा पुरस्कारको व्यवस्था पनि उल्लेख गर्ने ।	२०७९ असार मसान्त	राजस्व परामर्श समिति, गाउँ सभा
१.२	व्यवसाय रजिष्ट्रेशन सम्वन्धी कार्यविधि तर्जुमा गर्ने	२०७८ असोज भित्र	गाउँ कार्यपालिका
२	**सांगठनिक व्यवस्था (शाखा, जनशक्ति, पूर्वाधार र सूचना व्यवस्था)**		
२.१	राजस्व शाखाको क्षमता एकिन गर्ने	२०७८ भाद्र सम्म	कार्यपालिका
२.२	राजस्व शाखाका लागि थप कर्मचारी, सफ्टवेयर तथा भौतिक सुविधाको व्यवस्था गर्ने	२०७८ असोज मसान्त	प्रमुख प्रशासकीय अधिकृत
२.३	राजस्व सफ्टवेयर सम्बन्धी तालिमको व्यवस्था गर्ने	२०७८ कार्तिक मसान्त	प्रमुख प्रशासकीय अधिकृत
३	**तथ्याङ्क तथा अभिलेख व्यवस्थापन**		
३.१	विभिन्न स्रोतका आन्तरिक आयलाई सम्बन्धित शीर्षक	२०७८ भाद्र मसान्त	प्रमुख प्रशासकीय

क्र.स	सुधारका लागि गर्नु पर्ने कार्यहरु	समयावधि	जिम्मेवारी
	अन्तर्गत आम्दानी बाँध्ने		अधिकृत, राजश्व शाखा
३.२	सबै वडा कार्यालयहरुमा राजस्व प्रशासनका लागि कम्प्युटर बिलिङ सुरु गर्ने	२०७८ असोज मसान्त	प्रमुख प्रशासकीय अधिकृत
४	**करदातामैत्री/करदाता लक्षित कार्यक्रम**		
४.१	विभिन्न सञ्चार माध्यमबाट कर असुलीका लागि चेतनामूलक सूचनाहरु प्रचार प्रसार गर्ने	२०७८ भाद्रदेखि निरन्तर	राजस्व परामर्श समिति र वडा कार्यालय
४.२	सबभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने	विशेष कार्यक्रमको अवसरमा	गाउँ कार्यपालिका
५	**पारदर्शिता र जवाफदेहिता**		
५.१	चौमासिक रुपमा खर्चसँगै आन्तरिक आय संकलनको विवरण सार्वजनिक गर्ने	चौमासिक	राजश्व शाखा, प्रमुख प्रशासकीय अधिकृत
५.२	राजस्व परामर्श समितिलाई सक्रिय गराउने (राजस्व परामर्श समितिको नियमित बैठक र छलफल गर्ने	त्रैमासिक	प्र.प्र.अ र राजस्व परामर्श समिति
६	**राजस्व सुधार कार्ययोजना कार्यान्वयन**		
६.१	यस कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरु कार्यान्वयनको सुनिश्चितता गर्ने	२०७८ साउन देखि निरन्तर	प्रमुख प्रशासकीय अधिकृत
६.२	कार्ययोजना कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट व्यवस्था गर्ने	२०७८ श्रावण देखि	कार्यपालिका गाउँ सभा

परिच्छेद – छ : आगामी तीन वर्षको आय प्रक्षेपण

यस परिच्छेदमा आगामी तीन आर्थिक वर्षहरुका लागि गाउँपालिकाको राजस्व प्रक्षेपण गरिएको छ । महालेखा परीक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को आधारमा आय प्रक्षेपण गरिएको छ । गाउँपालिकाको राजस्व अधिकार, हालको आय संकलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात् आय संकलनमा पार्ने प्रभाव समेतलाई मध्यनजर गर्दै आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ । यस प्रक्षेपणले गाउँपालिकाको आय बजेट तर्जुमा गर्न सहयोग पुग्नेछ ।

६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात् आगामी तीन वर्ष (आ.व. २०७८।७९ देखि २०८०।८१) को लागि आय प्रक्षेपण गरिएको छ । यो आय अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको छ । धेरैजसो शीर्षकहरूको आय प्रक्षेपण प्राप्त तथ्यांकमा आधारित छ भने भविष्यमा आयका आधारको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ । त्यसैगरि केही शीर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय संकलनको वृद्धिदरलाई आधार मानिएको छ । मुख्यतया निम्नानुसार आधारमा स्थानीय तहका राजश्वको प्रक्षेपण गरिन्छ :

- **तथ्यांकिय आधार** : संख्या, दर तथा दायरा को सूचना उपलब्ध हुनसक्ने भएमा । उदाहरण : व्यवसाय कर, मालपोत, घरबहाल कर ।
- **विगतको राजश्व असुली प्रवृत्तिको आधार** : विगतको आय सम्वन्धी जानकारी भएको तर भविश्यमा हुन सक्ने संख्या, दर वा दायरा मध्ये कुनै एक मात्र प्राप्त हुन नसक्ने भएमा । उदाहरण : सिफारिश दस्तुर ।
- **ठेक्का संभ्कौताको आधार** : आम्दानी प्राप्त हुने गरी विगतमा सम्झौता भएको भए । उदाहरण : आन्तरिक आय ठेक्का, ऋण, कार्यक्रमीक सहायता ।
- **लमसम बृद्धिदर** (१० प्रतिशत) : स्थानीय तहको नियन्त्रणमा नभएका र सम्झौता पनि नभएका स्रोतहरु । उदाहरण : अनुदान, राजश्व बाँडफाँड आदि ।
- **आधार विना अनुमान** : स्रोत सम्वन्धी सूचना नभएको र विगतको तथ्यांक पनि नभएको । उदाहरण : अनुमति दस्तुर ।
- **शुन्य प्रक्षेपण** : आयको संभावना नभएका स्रोतहरु

तालिका नं. १५ : आगामी तीन आव।का लागि राजस्व प्रक्षेपणका आधार

(रकम रु. हजारमा)

क.सं.	राजस्व शीर्षक	कुल सम्भाव्य आय	आगामी आ.व.को लागि प्रक्षेपण	
			प्रक्षेपणको आधार	प्रक्षेपित रकम
क	**आन्तरिक आय**			
१	सम्पत्ति कर	४८४०	कुल सम्भावनाको ७५ प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने	३६३०
२	भूमि कर (मालपोत)	२९२१	कुल सम्भावनाको ७० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने	२०४५
३	घरजग्गा बहाल कर	३२१०	कुल सम्भावनाको ५० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने	१६००
४	बहाल विटौरी शुल्क	१२००	कुल सम्भावनाको ७५ प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने	९००
९	व्यवसाय रजिष्ट्रेशन दस्तुर	६००	कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने	४८०
१०	व्यवसाय कर	१६३७	कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने	१३१०

क.सं.	राजस्व शीर्षक	कुल सम्भाव्य आय	आगामी आ.व.को लागि प्रक्षेपण	
			प्रक्षेपणको आधार	प्रक्षेपित रकम
११	जडीबुटी तथा कवाडी	१४००	कुल सम्भावनाको ७५ प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने	१०५०
१२	सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय	७५०	कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने	६७५
१३	अन्य बिक्रिबाट प्राप्त रकम	१००	फाराम, पुस्तक, नक्सा जस्ता सामग्रीहरुको बिक्री वाट आ.ब. २०७८।७९ मा रु १ लाख संकलन हुने र त्यसपछि बार्षिक १५ प्रतिशत बृद्धि हुँदै जाने अनुमान	१००
१४	अन्य सेवा शुल्क तथा बिक्री *(ढुंगा, गिट्टी, बालुवा, माटोजन्य वस्तु)*	२८०००	कुल सम्भावनाको ८५ प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने	२३८००
१५	नक्सापास दस्तुर	३२४०	कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने	२५९०
१६	सिफारिश दस्तुर	१२००	कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने	१०८०
१७	ब्यक्तिगत घटना दर्ता दस्तुर	२००	कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने	२००
१८	नाता प्रमाणित दस्तुर	४००	कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने	४००
१९	अन्य दस्तुर (दर्ता, इजाजत)	५००	कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने	५००
२०	दण्ड, जरिवाना र जफत	४००	कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने	४००
२१	अन्य प्रशासनिक सेवा शुल्क (मूल्यांकन समेत)	२५००	कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने	२५००
२२	अन्य राजस्व (सडक मर्मत, पर्यटन शुल्क)	३५००	कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने	२८००
२३	बेरुजु	५००	अनुमानित वार्षिक ५ लाख	५००
ख	**राजस्व तथा रोयल्टी बाँडफाँड**			
	संघीय सरकार			
१	मु.अ.कर तथा अन्तः शुल्क	७२५००	आ.ब. २०७७।७८ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने	७२५००
२	प्राकृतिक स्रोत रोयल्टी	८५०	चालु आ.व.मा प्राप्त भएको आधारमा आ.व. २०७७।७८ मा रु ४० लाख प्राप्त हुने र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान	८५०
	प्रदेश सरकार			
३१	सवारी कर	२२५००	आ.ब. २०७८।७९ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस १० प्रतिशतका दरले बृद्धि हुँदै जाने	२२५००
२	घरजग्गा रजिष्ट्रेशन दस्तुर	१०००	चालू आ.व.को प्राप्तिमा १० प्रतिशतले बढ्दै जाने अनुमान	१०००
३	बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर	४००	पलिकामा बाँडिएर आउने एकमुष्ट बार्षिक रु २ लाख ५० हजार अनुमान	२५०
४	बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर	६००	आ.व. २०७८।७९ मा गाउँपालिकाको हिस्सा ६० प्रतिशत र त्यसपछि वार्षिक १० प्रतिशत वृद्धि हुदै जाने	४८०
ग	**अनुदान तर्फ**			
	संघीय सरकार			
१	समानिकरण अनुदान	१०२०००	आ.ब. २०७८।७९ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमसः ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने	१५८२००
२	शसर्त अनुदान	२२०६००		२३१५००
३	विशेष अनुदान	०	आगामी वर्ष देखि ५० लाख सम्म प्राप्त हुने	०
४	समपुरक अनुदान	०	आगामी वर्ष देखि १ करोड सम्म प्राप्त हुने	०
५	अन्य अनुदान (भवन,	१००००	चालु आ.व.को विनियोजन यथावत रही वार्षिक ५	१००००

क.सं.	**राजस्व शीर्षक**	**कुल सम्भाव्य आय**	**आगामी आ.व.को लागि प्रक्षेपण**	
			प्रक्षेपणको आधार	**प्रक्षेपित रकम**
	सडक)		प्रतिशतका दरले थपिँदै जाने	
	प्रदेश सरकार			
१	समानिकरण अनुदान	८४३२	आ.ब. २०७८।७९ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने	८४३२
२	शसर्त अनुदान	१७६७१	आगामी आ.व.को सिलिङमा ५ प्रतिशतले बढ्दै जाने अनुमान	१७६००
३	समपुरक अनुदान	३००००	आ.ब. २०७८।७९ का लागि ३ करोड र त्यसपछी प्रत्येक आ.व.मा सोही बराबर प्राप्त हुने अनुमान	३००००
४	विशेष अनुदान	२५००	आ.ब. २०७८।७९ का लागि २५ लाख र त्यसपछि प्रत्येक आ.व.मा सोही बराबर प्राप्त हुने अनुमान	२५००
४	अन्य अनुदान (स्थानीय पूर्वाधार साझेदारी	१००००	प्रत्येक आ.व.मा १ करोड प्राप्त हुने अनुमान	१००००
	अन्य आन्तरिक अनुदान			
	स्थानीय सरकार अनुदान	१५०००	काठमाण्डौं महानगरपालिका लगायतवाट आ.ब. २०७८।७९ मा रु १.५ करोड लाख प्राप्त हुने र त्यसपछि १० प्रतिशतले बृद्धि	१५०००
	अन्य संस्थागत आन्तरिक अनुदान	२०००	सडक बोर्ड जस्ता संस्थावाट आ.व. २०७७।७८ मा रु २० लाख प्राप्त हुने र त्यसपछि १० प्रतिशतले बृद्धि	२०००

६.२ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण

आय शीर्षकको संभाव्य आधार तथा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधार मानी गाउँपालिकाको आगामी तीन वर्षको प्रक्षेपित आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । प्रक्षेपणको लागि राजस्व संकेत वर्तमानमा सिफारिश गरिएको लेखा कोडको आधारमा गरिएको छ । माथिका अध्यायहरूमा प्रस्ताव गरिएअनुसार ऐनले दिएबमोजिम करका दायरा विस्तार गर्न सकेको खण्डमा निम्न तालिकामा दिए अनुसार गाउँपालिकाको आय वृद्धि हुने देखिन्छ ।

तालिका नं. १६: आगामी तीन आर्थिक वर्षको आय प्रक्षेप(ा

रु. हजारमा

राजश्व संकेत	**राजश्व शिर्षक**	**यथार्थ**	**अनुमान**	**प्रक्षेपण**		
		०७६/७७	०७७/७८	०७८/७९	०७९/८०	०८०/८१
१००००	**राजश्व तथा अनुदान**	३८९,४९२	५१८,६६०	५६२,३१३	६०८,०६१	६४१,६१७
क.	**आन्तरिक आय**	२१,४००	२४,५००	४६,५३०	५१,५५३	५७,१४०
११३१३	एकीकृत सम्पत्ति कर *(सम्पत्ति कर)*			३,६३०	४,१७५	४,८०१
११३१४	भूमी कर/मालपोत	३,०११	४,०००	२,०४५	२,२५०	२,४७४
११३२१	घर बहाल कर *(घरजग्गा बहाल कर)*		२००	१,६००	१,८४०	२,११६
११३२२	बहाल विटौरी कर *(बहाल विटौरी शुल्क)*			९००	१,०३५	१,१९०
११६३२	ओखेटोपहारमा लाग्ने कर (जडिबुटी, कवाडी)			१,०५०	१,१५५	१,२७१
१४१५१	सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय	–		६७५	७४३	८१७
१४२१३	अन्य बिक्रिबाट प्राप्त रकम	*५,४१७*		१००	११५	१३२
१४२१९	अन्य सेवा शुल्क तथा बिक्री (ढुङ्गा, गिट्टी, बालुवा)	*११,३७३*	*१५,०००*	२३,८००	*२६,१८०*	*२८,७९८*
१४२२९	अन्य प्रशासनिक सेवा शुल्क			२,५००	२,७५०	३,०२५
१४२४२	नक्सापास दस्तुर			२,५९०	२,८४९	३,१३४
१४२४३	सिफारिश दस्तुर	*४८५*	*१,०००*	१,०८०	१,१८८	१,३०७

राजश्व संकेत	राजश्व शिर्षक	यथार्थ	अनुमान	प्रक्षेपण		
		०७६/७७	०७७/७८	०७८/७९	०७९/८०	०८०/८१
१४२४४	व्यक्तिगत घटना दर्ता दस्तुर			२००	२२०	२४२
१४२४५	नाता प्रमाणित दस्तुर			४००	४४०	४८४
१४२४९	अन्य दस्तुर (दर्ता, अनुमती, इजाजत, नविकरण)			५००	५५०	६०५
१४२५३	व्यवसाय रजिष्ट्रेशन दस्तुर			४००	४६०	५२९
१४३११	न्यायिक दण्ड, जरिवाना र जफत			५०	५८	६६
१४३१२	प्रशासनिक दण्ड, जरिवाना र जफत			४००	४६०	५२९
१४५२९	अन्य राजस्व	१,११४	४,३००	२,८००	३,०८०	३,३८८
१४६११	व्यवसाय कर			१,३१०	१,५०७	१,७३२
१५१११	बेरुजु			५००	५००	५००
ख.	**राजश्व बाँडफाँड**	**६०,३५५**	**९०,१५६**	**९७,५८०**	**१०३,६७१**	**११०,१८७**
	संघीय सरकार	**४६,५०९**	**६९,९५६**	**७३,३५०**	**७७,०१८**	**८०,८६८**
१४४११	बाँडफाँड भई प्राप्त हुने मु.अ.कर	४५,६३७	६९,९५६	७२,५००	७६,१२५	७९,९३१
१४४२१	बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क					
१४१५३	बाँडफाँड भई प्राप्त वन/विद्युत रोयल्टी	८७२		८५०	८९३	९३७
१४१५४	बाँडफाँड भई प्राप्त खनिज सम्बन्धी रोयल्टी				-	-
	प्रदेश सरकार	**१३,८४६**	**२०,२००**	**२४,२३०**	**२६,६५३**	**२९,३१८**
११३१५	घरजग्गा रजिष्ट्रेशन दस्तुर		१०००	१,०००	१,१००	१,२१०
११४५६	बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर	१३८४६	१९२००	२२,५००	२४,७५०	२७,२२५
११४७१	बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर		-	२५०	२७५	३०३
११४७२	बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर		-	४८०	५२८	५८१
ग.	**अनुदान तथा वित्तीय हस्तान्तरण**	**३०७,७३७**	**४०४,००४**	**४१८,२०३**	**४५२,८३८**	**४७४,२९०**
	संघीय सरकार	**२७५,९१०**	**३२४,९५२**	**३३२,६००**	**३६४,२३०**	**३८२,४४२**
१३३११	समानिकरण अनुदान	९७९००	१०००००	१०२,०००	१०७,१००	११२,४५५
१३३१२	शसर्त अनुदान चालु	१७८,०१०	२२४,३५२	२२०,६००	२३१,६३०	२४३,२१२
१३३१३	शसर्त अनुदान पूँजीगत					
१३३१४	विषेश अनुदान चालु	-	-	-	५,०००	५,२५०
१३३१५	विषेश अनुदान पूँजीगत					
१३३१६	समपुरक अनुदान चालु	-	-	-	१०,०००	१०,५००
१३३१७	समपुरक अनुदान पूँजीगत					
१३३१८	अन्य अनुदान चालु	-	६००	१०,०००	१०,५००	११,०२५
१३३१९	अन्य अनुदान पूँजीगत (स्थानीय पूर्वाधार साझेदारी					
	प्रदेश सरकार	**२१,३२७**	**६८,०५२**	**६८,६०३**	**६९,९०८**	**७१,२७९**
१३३११	समानिकरण अनुदान	१०१३७	१०१२६	८,४३२	८,८५४	९,२९६
१३३१२	शसर्त अनुदान चालु	११,१९०	१४,९२६	१७,६७१	१८,५५५	१९,४८२
१३३१३	शसर्त अनुदान पूँजीगत					

राजश्व संकेत	राजश्व शिर्षक	यथार्थ	अनुमान	प्रक्षेपण		
		०७६/७७	०७७/७८	०७८/७९	०७९/८०	०८०/८१
१३३१४	विषेश अनुदान चालु	-	३,०००	२,५००	२,५००	२,५००
१३३१५	विषेश अनुदान पूँजीगत					
१३३१६	समपुरक अनुदान चालु	-	३०,०००	३०,०००	३०,०००	३०,०००
१३३१७	समपुरक अनुदान पूँजीगत					
१३३१८	अन्य अनुदान चालु	-	१००००	१०,०००	१०,०००	१०,०००
१३३१९	अन्य अनुदान पूँजीगत (स्थानीय पूर्वाधार साझेदारी					
	अन्य आन्तरिक अनुदान	१०,५००	११,०००	१७,०००	१८,७००	२०,५७०
१३४११	स्थानीय सरकार अनुदान	*१०,५००*	१००००	१५,०००	१६,५००	१८,१५०
१३४१२	अन्य संस्थागत आन्तरिक अनुदान		१०००	२,०००	२,२००	२,४२०
३००००	**वित्तीय सम्पत्ति तथा दायित्व**	१०१,१४७	६५,०००	-	-	-
३२१२१	नगद					
३२१२२	बैंक मौज्दात	१०१,१४७	६५,०००			
३३१४३	अन्य संस्थाहरुवाट ऋण प्राप्ती					
३३१८२	तिर्नुपर्ने विभिन्न अन्य खाताहरु					
	जम्मा राजस्व, अनुदान, सम्पत्ति तथा दायित्व	४९०,६३९	५८३,६६०	५६२,३१३	६०८,०६१	६४१,६१७

परिच्छेद – सात : निष्कर्ष तथा सुझाव

यस गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमाका क्रममा विभिन्न स्रोतहरुबाट तथ्यांक तथा सूचनाहरु संकलन गरिएको थियो । विभिन्न फारमहरुको प्रयोग गरी गाउँ कार्यपालिकाको कार्यालय तथा सम्वन्धित अधिकारीहरुबाट समेत सूचना संकलन गरिएको थियो । हालको राजस्व संकलन तथा प्रशासनको अवस्थालाई सुधार गर्नका लागि सहभागितामूलक पद्धति मार्फत् राजस्व सुधार कार्ययोजना तर्जुमा गरियो । संकलित तथ्यांक, विद्यमान प्रवृत्ति, उपलब्ध सूचनाको विश्लेषण तथा राजस्व सुधार कार्ययोजनामा निर्दिष्ट गरिएका क्रियाकलापहरुको कार्यान्वयन हुने मान्यता र त्यसको नतिजा समेतलाई मध्यनजर गरी आगामी तीन आर्थिक वर्षका लागि राजस्व प्रक्षेपण गरिएको छ ।

७.१ निष्कर्ष तथा सुझाव

यस अध्ययन अनुसार ककनी गाउँपालिकाको आगामी आ.व. २०७८।७९ को कुल आय ५६ करोड २३ लाख १३ हजार हुने देखिएको छ । यसमा प्रस्तुत विवरणले गाउँपालिकाको आन्तरिक आय सो आ.व. मा ४ करोड ६५ लाख ३० हजार हुने अनुमान गरिएको छ, जुन कुल आयको करिब ८.२७ प्रतिशत हुन आँउछ । सारांशमा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात् आगामी तीन आर्थिक वर्षहरुमा हुने आय संरचना देहाय अनुसार हुने प्रक्षेपण गरिएको छ :

तालिका नं. १७ : प्रक्षेपित आय संरचना

रु. हजारमा

क्र. सं.	राजश्व शिर्षक	यथार्थ	अनुमान	प्रक्षेपण		
		०७५/७६	०७६/७७	०७७/७८	०७७/७९	०७७/८०
१	आन्तरिक आय	२१,४००	२४,५००	४६,५३०	५१,५५३	५७,१४०
२	राजश्व बाँडफाँड					
	संघीय सरकार	४६,५०९	६९,९५६	७३,३५०	७७,०१८	८०,८६८
	प्रदेश सरकार	१३,८४६	२०,२००	२४,२३०	२६,६५३	२९,३१८
३	अनुदान तथा वित्तिय हस्तान्तरण					
	संघीय सरकार	२७५,९१०	३२४,९५२	३३२,६००	३६४,२३०	३८२,४४२
	प्रदेश सरकार	२१,३२७	६८,०५२	६८,६०३	६९,९०८	७१,२७९
	अन्य आन्तरिक अनुदान	१०,५००	१,०००	१७,०००	१८,७००	२०,५७०
	जम्मा	**३८९,४९२**	**५१८,६६०**	**५६२,३१३**	**६०८,०६१**	**६४१,६१७**
	कुल आयमा आन्तरिक आयको योगदान (प्रतिशत)	५.४९	४.७२	८.२७	८.४८	८.९१

उल्लेख गरिएअनुसार प्रक्षेपित आय हासिल गर्नका लागि गाउँपालिकाले वर्तमान संरचना तथा व्यवस्थापन प्रणालीमा परिवर्तन गर्न आवश्यक देखिन्छ । यस सन्दर्भमा सुधारका लागि सुझाइएका कदमहरु निम्नानुसार छन् :

- राजश्व असुलीको अनुगमन कार्यमा राजस्व परामर्श समितिलाई थप क्रियाशील बनाउने ।
- आर्थिक ऐन संसोधन गरी संघीय कानुन अनुकुलन र थप वस्तुपरक बनाउने ।
- आय अनुमान र आय प्रतिवेदनका लागि तोकिएको ढाँचा व्यवहारमा ल्याउने ।
- सम्पत्ति कर र मालपोत वा भूमिकर असुली व्यवस्थालाई थप व्यवस्थित गर्न कम्प्यूटरीकृत अभिलेख तयार गर्ने ।

- प्राकृतिक तथा नदीजन्य वस्तुको बिक्री सम्वन्धी वार्षिक ठेक्कालाई समयवद्ध र नियमित गर्ने ।
- घरवहाल कर तथा ब्यवसाय करलाई प्रभावकारी कार्यान्वयन गर्ने ।
- र्प्यटन शुल्क र कवाडी करको सम्भाब्यता लाई दृष्टिगत गरी असुली लाई विशेष ध्यान पुर्‍याउने ।

गाउँपालिकालाई प्राप्त राजस्व अधिकारहरु मध्ये कतिपय अधिकारहरु क्रमिक रुपले परिष्कृत हुँदै आउँदा राजस्व प्रशासनलाई त्यस अनुरुप पारदर्शी र जवाफदेही बनाउनुपर्ने देखिन्छ । साथै राजस्व सुधार कार्य योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरुलाई पनि प्राथमिकीकरण गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

अनुसूचीहरू

अनुसूची १ : सन्दर्भ सामग्रीहरू

- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- नेपाल सरकारको वजेट वक्तव्य, २०७८।७९
- बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०७७
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
- एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४
- प्रदेश तथा स्थानीय कर सम्बन्धी अध्ययन तथा सुझाव प्रतिवेदन, २०७५ - नेपाल सरकार (मन्त्रिपरिषद्) निर्णयबाट गठित कार्यदलले अर्थ मन्त्रालय समक्ष पेश गरेको
- ककनी गाउँपालिकाको आर्थिक ऐन २०७७
- ककनी गाउँपालिकाको विनियोजन ऐन २०७७
- ककनी गाउँपालिकाको पार्श्वचित्र, बजेट बक्तब्य, नीति तथा कार्यक्रम
- वाग्मती प्रदेश सरकारको वजेट वक्तव्य, २०७८
- अन्तर सरकारी वित्तीय हस्तान्तरण (प्रदेश र स्थानीय तह), आर्थिक वर्ष २०७८/२०७९, नेपाल सरकार
- आर्थिक वर्ष २०७७/२०७८ को बजेट बक्तव्य, बाग्मती प्रदेश सरकार
- आर्थिक वर्ष २०७८/२०७९ का लागि सवारी साधन कर बाँडफाँडको अनुमानित विवरण, वाग्मती प्रदेश सरकार

अनुसूची २ : तथ्यांक र सूचना संकलनका लागि प्रयोग गरिएको सूची तथा फारम

तथ्यांक संकलन सूची

गाउँपालिकाको संक्षिप्त परिचय तथा हालको अवस्थाः

- संक्षिप्त परिचय
- मुख्य पूर्वाधारको अवस्था
- आर्थिक अवस्था
- सामाजिक, सांस्कृतिक तथा पर्यटकिय अवस्था

गाउँपालिकाको संगठन तथा राजस्व प्रशासन :

- संगठन संरचना तथा कर्मचारीको विवरण
- भौतिक सुविधाहरु
- राजस्व शाखा तथा राजस्व प्रशासन
  - राजस्व शाखामा कार्यरत कर्मचारीहरुको विवरण
  - कार्यकक्ष तथा कार्य स्थलको पर्याप्तता
  - फर्निचर, कम्प्यूटर, प्रिन्टर तथा अन्यभौतिक सुविधाहरु
  - राजस्व सम्बन्धी डाटा वेस, राजस्व प्रशासनमा सफ्फट्वेयर र त्यसको प्रयोग
  - कप्यूटर विलिङ्ग प्रणालिको प्रयोग
- वडा कार्यलयमा राजस्व प्रशासनको अवस्था

गाउँपालिकाको आय (आन्तरिक तथा वाह्य) सम्बन्धी विवरणः

- विगत तीन आर्थिक वर्षहरु (२०७३/७४, ०७४/७५ र ०७५/७६) को यथार्थ आय विवरण
- चालु आर्थिक वर्षको (२०७६/७७) को अनुमानीत/बजेट विवरण र मंसिर मसान्तसम्मको यथार्थ संकलन
- चालु आर्थिक वर्षका लागि गाउँ सभाले पारित गरेको कर, शुल्क तथा दस्तुरका दरहरु

अन्य दस्तावेज तथा सूचनाहरु

- निर्वाचित पदाधिकारीहरुको विवरण
- गाउँ सभाले पारित गरेको आर्थिक ऐन
- राजस्वसंग सम्बन्धित अन्य नीति तथा कार्यक्रमहरु
- गाउँपालिकाको बस्तुस्थिति विवरण (Profile)
- राजस्व परिचालनका लागि भएका प्रभावकारी प्रयासहरु
  स्रोतः प्रशासन, आर्थिक प्रशासन, राजस्व शाखा

तथ्यांक संकलन फारम

स्वामित्व वा भोग चलनमा रहेका जग्गा

क्र.सं.	जग्गा रहेका स्थान	कि.न.	क्षेत्रफल	हालको उपयोग	भाडा वाबहाल रकम (यदि भएमा)
क	स्वामित्वमा रहेको जग्गा				
ख	भोग चलनमा रहेको जग्गा				

स्रोत : जिन्सी शाखा तथा वडा कार्यालय

स्वमित्वमा रहेका भवन

क्र.सं.	स्थान	भवनको विवरण	हालको उपभोग	भाडा वाबहाल रकम (यदी भएमा)

स्रोत : जिन्सी शाखा तथा वडा कार्यालय

राजस्वमा प्रतक्ष्य आधारित सूचनाहरु

ख. भवनसम्बन्धीविवरण

क्र.सं.	घरको वर्गीकरण	अनुमानित संख्या	बहालमाभएको संख्या	औसतबहाल दर
१	व्यापारीक प्रयोजनका लागि निर्मित भवन/घरहरु *(नोट: व्यापारीक कम्पलेक्स, पार्टी प्यालेस, अस्पताल, कोल्ड स्टोर, नीजि विद्यालय तथा क्यापस आदी)*			
२	औद्योगिक प्रयोजनका भवन/घरहरु			
३	आवासिय भवन/घरहरु			
३.१	*कच्ची घरहरु (कच्ची जोडाई तथा छाना)*			
३.२	*अर्ध कच्ची घरहरु (माटोको जोडाई र कंकिट वा स्टिलको छाना भएका)*			
३.३	*पिलर सिस्टम नभएको पक्कि घर (Without RCC Frame Structure)*			
३.४	*पिलर सिस्टम भएको पक्कि घर (With RCC Frame Structure)*			
	जम्मा			

स्रोत : विभिन्न प्रकाशन वा सूचना शाखा तथा वडा कार्यालय

जग्गा सम्बन्धी विवरण

क.सं.	जग्गाको किसिम	अनुमानितक्षेत्रफल	औसत मुल्यांकन दर (मालपोत कार्यालयको आधारमा)	कैफियत
१	शहरी क्षेत्र			
२	आवासिय क्षेत्र			
३	कृषी क्षेत्र			
४	वन तथा अन्यक्षेत्र			
जम्मा				

स्रोत : विभिन्न प्रकाशन वा सूचना शाखा तथा वडा कार्यालय

सवारी साधन सम्बन्धी विवरण

क.सं.	सवारी साधन	अनुमानित संख्या	कैफियत
१	अटो रिक्सा, ई रिक्सा		
२	ठेलागाडा, टाँगा, रिक्सा		
जम्मा			

स्रोत : विभिन्न प्रकाशन वा सूचना शाखा तथा वडा कार्यालय

व्यापार व्यवसाय सम्बन्धीविवरण

क.सं.	व्यापार व्यवसायको विवरण	साना लगानी	मझौला लगानी	ठुला लगानी
१	उद्योग			
२	वित्तिय संस्था (बैक, विकास बैक, सहकारी, विमाआदि)			
३	व्यापारिक भवन, मल, निजी अस्पताल, संस्थागत कलेज विद्यालय			
४	डिलर तथा थोक विक्रेता			
५	अन्य ब्यवसायहरु			

स्रोत : विभिन्न प्रकाशन वा सूचना शाखा तथा वडा कार्यालय, उद्योग वाणिज्य संघ

खानीजन्य वस्तुविकी तथा निकासी

उत्पादन/उत्खनन स्थल	बस्तुहरु	कुल उत्खनन योग्य परिणाम	विकीमुल्य	संभाव्यनिकासी परिमाण
	ढुङ्गा			
	गिट्टी			
	स्लेट			
	बालुवा			
	दहत्तर वहत्तर			

स्रोत : आर्थिक प्रशासन शाखा, हालको ठेक्का प्रकृया, आईई प्रतिवेदन तथा सरोकारवाला संग छलफल

जडिबुटी, कवाडी र जिवजन्तु व्यवसायिक उपयोग

क.सं.	बस्तुहरु	इकाई	कुल संकलन परिणाम	अनुमानित मुल्य
क.	जडिबुटी जन्य बस्तुहरु			
ख.	कवाडी जन्य बस्तुहरु			
ग.	जिव जन्तु			

वहाल विटौरी

क.सं.	सम्पत्तिहरु	इकाई	परिमाण	दर
क.	भवन तथा कोठाहरु			
ख.	मेसिनहरु			
ग.	सार्वजनिक सम्पत्ति			

स्रोत : राजस्व परामर्श समिति, आर्थिक प्रशासन, राजस्व तथा जिन्सी शाखा, वडा कार्यालय

गाउँपालिकाले निर्माण, संचालन तथा व्यवस्थापन गरेका सेवा

क्र.सं.	सेवाहरु	उपलब्ध गराईएको स्थानवा क्षेत्र	इकाई र परिमाण	सेवा शुल्कको संभावना के छ ?	हालको अवस्था (आय)
१	फोहरमैला व्यवस्थापन				
४	धारा				
५	अतिथिगृह				
६	धर्मशाला				
८	सभागृह				
९	ढल निकास				
१०	सडक बत्ति				
११	सार्वजनीक शौचालय				
१२	पार्क				
१३	पौडी पोखरी				
१४	व्यायमशाला				
१५	पर्यटकिय स्थल				
१६	हाट बजार				
१७	पशु बधशाला				
१८	शवदाहगृह				
१९	बसपार्क				
२०	अन्य पार्किङ्ग क्षेत्र				

अनुसूची ३ : राजस्व परिचालन तथा योजना तर्जुमा सम्बन्धी छलफलको उपस्थिति विवरण

स्थान : ककनी गाउँपालिका, कार्यपालिकाको कार्यालय, रानीपौवा
मिति : २०७८ असार १७ गते

उपस्थिति तथा छलफलको माइन्यूट

२०७८/०३/१८.

आज मिति २०७८/०३/१८ गतेका दिन यस ककनी गाउँपालिकाको स्थानीय राजस्व परामर्श समितिका संयोजक तथा ककनी गाउँपालिकाका उपाध्यक्ष श्री सिता लामा (खतिवडा) ज्युको अध्यक्षतामा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा बैठक बसि निम्न अनुसारका निर्णयहरु गरियो ।

उपस्थिति :-

उपाध्यक्ष- श्री सिता लामा खतिवडा : संयोजक
प्र.प्र.अ. - श्रीमहेन्द्र बहादुर नेपाल : सदस्य
वडाध्यक्ष - श्री राम लामा थिङ : सदस्य
वडा सदस्य- श्री मिनुकुमारी तामाङ : सदस्य
सदस्य सचिव :- शारदा बैज्वाडे

आमन्त्रित :-

डा. प्रताप हतकोली

प्रस्तावहरु

(१) राजस्व सुधार कार्ययोजना तयारी सम्बन्धमा ।

निर्णयहरु

(१) प्रस्ताव नं. १ मा छलफल गर्दा ककनी गाउँपालिका भित्र राजस्वलाई छिटो, छरितो तथा पारदर्शि बनाउन राजस्वमा Software मा लैजाने विषयमा छलफल गरियो ।

- राजस्व सुधार कार्ययोजना सम्बन्धमा विभिन्न विषयमा छलफल गरियो ।

२०७८/०३/२४

आज मिति २०७८/०३/२५ गतेका दिन यस ककनी गाउपालिकाको स्थानीय राजस्व परामर्श समितिका संयोजक तथा ककनी गाउपालिकाका उपाध्यक्ष श्री सीता लामा (रवतिङ) ज्यूको अध्यक्षतामा तपसिलका पदाधिकारीहरूको उपस्थितिमा बैठक बसि निम्न विषयहरूमा छलफल गरियो।

उपस्थितिहरू

१) अध्यक्ष श्री सीता लामा (रवतिङ) : संयोजक
२) प्र.प्र.अ. : श्री महेन्द्र बहादुर नेपाल : सदस्य
३) अध्यक्ष : श्री राम लामा पिङ्ग : सदस्य
४) वडा सदस्य : श्री मिठु लामा : सदस्य
५) सदस्य सचिव :- १२) गौरी केन्द्र ४ न वडा सचिव
आमन्त्रित
१३) शुकदेव गौतम
१४) देवेन्द्र प्राध्यापक
६) मान बहादुर लामा
१५) त्रिरत्ना श्रेष्ठ
७) केदारनाथ वराकोटी
१६) आस्तिकराज पाठक
८) विमल पोखरेल, कार्यक्रम निर्देशक PCGG
९) मदनकुमार खरेल पाठ्यक्रम विकासविज्ञ, PCGG
१०) लक्ष्मीचन्द्र महत, क्षमता विकासविज्ञ, प्रदेश सुशासन केन्द्र (PCGG)
११) सागर केन्द्र प्रशासन शाखा प्रमुख
प्रताप हतुवाल, निरीक्षक

प्रस्तावहरू

(१) राजस्वका विविध विषयमा छलफल।
(२) राजस्व सुधार कार्ययोजना सम्बन्धि विषयमा छलफल।